# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३१, अङ्क ७ | २०७९ साउन १-१५ | पूर्णाङ्क ७२१



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्स: ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री ध्रुवकुमार ढकाल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री भीमराज घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री निलदेव रिजाल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| इजलास नं. १ | ७ |
| इजलास नं. २ | ३ |
| इजलास नं. ३ | २ |
| इजलास नं. ४ | १ |
| इजलास नं. ५ | २ |
| इजलास नं. ६ | २ |
| इजलास नं. ७ | २ |
| इजलास नं. ८ | ३ |
| **जम्मा** | **२२** |

| | |
|---|---|
| इजलास नं. ९ | ४ |
| इजलास नं. १० | १ |
| इजलास नं. १२ | २ |
| **जम्मा** | **७** |

**कूल जम्मा २२ + ७ = २९**

# नेपाल कानून पत्रिकामा

## प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

## हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

## मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७९, साउन – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **इजलास नं. १** | | | **१ - १३** |
| १. | उत्प्रेषणयुक्त परमादेश | डा.सलाहुद्दीन अख्तर सिद्दीकी वि. भूमिसुधार कार्यालय, बाँकेसमेत | १ |
| २. | उत्प्रेषणसमेत | उत्सव खड्का वि. काठमाडौं महानगरपालिका वडा नं. ४ को वडा कार्यालयसमेत | ३ |
| ३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पदम नेपाली | ५ |
| ४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शेषमान थारूसमेत | ६ |
| ५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. अकलेश मण्डल खत्वेसमेत | ९ |
| ६. | अंश चलन | कृष्णकुमारी बोगटी वि. अर्जुनकुमार बोगटी | ११ |
| ७. | सम्बन्ध विच्छेद | अजय निरौलासमेत वि. रिना पोखरेल निरौला | १३ |
| **इजलास नं. २** | | | **१३ - १९** |
| ८. | मानव बेचबिखन तथा ओसार पसार | फ्युजन थापा वि. नेपाल सरकार, मोइमेन्दो तामाङ वि. नेपाल सरकार, शोभा तमाङ वि. नेपाल सरकार, सोनाम लामा वि. नेपाल सरकार | १३ |
| ९. | राज्य विरूद्धको अपराध | नेपाल सरकार वि. चन्द्रेश्वर महतोसमेत | १७ |
| १०. | राज्य विरूद्धको अपराध | नेपाल सरकार वि. श्यामसुन्दर मण्डलसमेत | १८ |
| **इजलास नं. ३** | | | **१९ - २०** |
| ११. | मानव बेचबिखन तथा ओसारपसार | दलबहादुर थापा वि. नेपाल सरकार | १९ |
| १२. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. धावा योञ्जन | २० |
| **इजलास नं. ४** | | | **२१ - २२** |
| १३. | मानव बेचबिखन तथा ओसार पसार | बेलबहादुर वि.क. वि. नेपाल सरकार | २१ |
| **इजलास नं. ५** | | | **२२ - २५** |
| १४. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. दिपजनबहादुर कार्की | २२ |
| १५. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. सुनिल भण्डारीसमेत | २३ |
| **इजलास नं. ६** | | | **२५ - २६** |
| १६. | उत्प्रेषणयुक्त परमादेश | किष्ट बैंक लिमिटेड, बबरमहल वि. नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | २५ |

| | | | |
|---|---|---|---|
| १७. | निषेधाज्ञा मिश्रित परमादेश | राजकुमारी श्रेष्ठसमेत वि. लोकमार्ग सडक आयोजना कार्यालय, तुल्सीपुर, दाङसमेत | २५ |
| **इजलास नं.७** | | | **२६ - २९** |
| १८. | परमादेश | हजुरी थापा वि. कालिका प्राथमिक विद्यालयको भवनमा रहेको ऐ.ऐ. विद्यालय व्यवस्थापन समिति, लकुवा, धादिङसमेत | २६ |
| १९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. लप्टी शेर्पा, लप्टी शेर्पा वि. नेपाल सरकार | २८ |
| **इजलास नं.८** | | | **२९ - ३२** |
| २०. | जबरजस्ती करणी | नेपाल सरकार वि. प्रविन पहरीसमेत | २९ |
| २१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजाराम तिमिल्सिना | ३० |
| २२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पानालाल साह तुरहा भन्ने कपिलदेव साह तुरहा | ३१ |
| **इजलास नं.९** | | | **३२ - ३६** |
| २३. | भ्रष्टाचार (झुट्टा प्रमाणपत्र | विष्णुप्रसाद ज्ञवाली वि. नेपाल सरकार | ३२ |
| २४. | अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. हरि चिडिमार भन्ने हरिशंकर चिडिमारसमेत | ३३ |
| २५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रितादोर्जी शेर्पा, रिता दोर्जी शेर्पा वि. नेपाल सरकार | ३३ |
| २६. | कर्तव्य ज्यान | विकेश बुढा मगर वि. नेपाल सरकार | ३४ |
| **इजलास नं.१०** | | | **३६ - ३७** |
| २७. | अप्राकृतिक मैथुन | शिवकुमार कहार वि. नेपाल सरकार | ३६ |
| **इजलास नं.१२** | | | **३७ - ३८** |
| २८. | उत्प्रेषण परमादेश समेत | राम कार्की वि. दीपक कार्कीसमेत | ३७ |
| २९. | उत्प्रेषण परमादेश | श्यामकुमार गिरी वि. कृष्णबहादुर गिरीसमेत | ३७ |

## इजलास नं.१

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री तेजबहादुर के.सी.**, *०७४-WO-०३२१, उत्प्रेषणयुक्त परमादेश, डा.सलाहुद्दीन अख्तर सिद्दीकी वि. भूमिसुधार कार्यालय, बाँकेसमेत*

भूमि सुधार कार्यालयमा दर्ता भएको मोही जग्गा बाँडफाँटसम्बन्धी मुद्दाको मिसिलमा उक्त विवादित जग्गाको मोही महलमा अलि अहमद नाउ भन्ने उल्लेख भएको देखिन्छ भने उक्त जग्गाको मोही निज अलि अहमद नाउ रहेकोमा निवेदकले समेत अन्यथा भन्न सकेको देखिँदैन । जहाँसम्म निवेदकले निज मोही वृद्धावस्थाका कारण शारीरिक अवस्था ठिक नभएको हुँदा पनि मोही हक परित्याग नगरी मेरो जग्गालाई कानूनी दायित्वअनुसार आफैले नकमाई कानूनविपरीत ढङ्गबाट उनाउ व्यक्तिलाई कमाउन दिई सम्पूर्ण बाली आफूले मात्र लिई आएको भन्ने जिकिरतर्फ विचार गर्दा, भूमि सुधार कार्यालयबाट मिति २०६२।१२।०५ मा भएको सर्जमिन मुचुल्काका व्यक्तिहरूले दाबी कित्ता जग्गाको मोही अलि अहमद नाउ रहेको र उक्त जग्गा निजले जोती कमाई आएका छन् भनी बेहोरा लेखाइदिएको देखिन्छ । यस अवस्थामा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २(ख) मा विवेचित मोहीको परिभाषाअन्तर्गत नै उक्त जग्गा कमाई आएको पाइन्छ। जसले निवेदकले जिकिर लिएजस्तो उनाउ व्यक्तिलाई उक्त जग्गा कमाउन दिएको भन्ने देखिन आएन । जहाँसम्म बाली नबुझाएको भन्ने जिकिर छ सो सम्बन्धमा विपक्षी बबलु नाउले लिखित जवाफमा उक्त मोही लागेको जग्गामा उब्जनी भएको बाली बटैया गरी निवेदक जग्गाधनीलाई सुरूको वर्षहरूमा बाली बुझाउँदै आएका थियौँ। तर केही समयपश्चात् जग्गाधनी निवेदकलाई तत्काल त्यस समयमा "उब्जनी भएको बाली बटैया गर्न आउनुस् भनी बारम्बार आग्रह गरी बोलाउँदा पनि बाली बटैया गर्न इन्कार गरेकोले उत्पादित बालीलाई कानूनी प्रक्रिया पूरा गरी सम्बन्धित गा.वि.स. मा धरौटी खातामा राखेको र बाँकी रहेको बाली बटैया भूमि सुधार कार्यालय, बाँकेको मिति २०७४।६।२३ को निर्णयबमोजिम हुने नै हुँदा सो जिकिरसमेत पुष्टि हुन नसक्ने।

निवेदकले भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५ को देहाय ४(क), २६(१), २६(घ), २९ को विपरीत भूमि सुधार कार्यालयले निर्णय गरेको भनी जिकिर लिएकोतर्फ विचार गर्दा, भूमि सुधार कार्यालयमा दर्ता भएको बाली दिलाई मोही निष्काशन र मोही जग्गा बाँडफाँट मुद्दामा भूमि सुधार कार्यालय, बाँकेबाट मिति २०६२।१२।०५ मा भएको सर्जमिन मुचुल्काका व्यक्तिहरूले दाबी कित्ता जग्गाको मोही अलि अहमद नाउ रहेको र उक्त जग्गा निजले जोती कमाई आएका छन् भनी बेहोरा लेखाइदिएको देखिन्छ। यसरी उक्त मुद्दाको कारबाही चलिरहेको अवस्थामा मिति २०७४।१।१३ मा अलि अहमद नाउको मृत्यु भएको भन्ने कुरा मिसिल संलग्न मिति २०७४।१।१९ को मृत्यु दर्ताको प्रमाणपत्रबाट खुल्न आउँछ । मोहीको मृत्युपश्चात् निजको छोराले मुद्दा सकार गरेको अवस्थामा भूमि

सुधार कार्यालय, बाँकेबाट मिति २०७४।६।२३ मा जग्गाधनीले बाली बटैयाबापतको बाँकी रकम मोहीबाट दिलाइ पाउने साथै नरमकरम मिलाई जग्गाधनी र मोहीको छोरा बबलु नाउको नाममा मोही हिस्सा छुट्याइपाउने भनी निर्णय गरेको देखिन्छ। उक्त भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५ (४) (क) मा "कसैले जग्गावालाबाट कमाउन लिएको जग्गा आफ्नो वा आफ्नो परिवारको श्रमले नकमाई अरू कसैलाई कमाउन दिएको रहेछ भने सो जग्गाका सम्बन्धमा सो खास कमाउने व्यक्तिको बिचमा रही खाने व्यक्तिको सबै अधिकार समाप्त हुने छ।" भन्ने रहेकोमा भूमि सुधार कार्यालयबाट भएको स्थलगत सर्जमिन मुचुल्कामा "दाबी कित्ता जग्गाको मोही अलि अहमद नाउ रहेको र उक्त जग्गा निजले जोती कमाई आएका छन्" भनी सर्जमिन मुचुल्काका व्यक्तिहरूले बेहोरा लेखाइदिएकोबाट उक्त जग्गा मोही अलि अहमद नाउ र निजका परिवारले नै कमाएको देखिन्छ । त्यस्तै उक्त ऐनको दफा २६ (१) मा "यस परिच्छेदको अन्य दफाहरूको अधीनमा रही मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक निजपछि निजको एकासगोलका पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, धर्मपुत्र, धर्मपुत्री, छोरा, बुहारी, नाति, नातिनी, नातिनी बुहारी, दाजुभाइ वा दिदीबहिनीहरूमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुने छ।" भन्ने व्यवस्था भएकोले निज मोही अलि अहमद नाउको मृत्यु भइसकेकोले निजका २ जना हकवाला रहेकोमा जानकी गाउँपालिका वडा नं. ३ को वडा कार्यालयको सिफारिस पत्रानुसार निजका हकवाला दुई छोरामध्ये जेठो सरीफ नाउ र कान्छो बबलु नाउ भई सरिफ नाउले मन्जुर गरी भाइ बबलु नाउलाई मन्जुरनामा दिई कान्छा छोरा बबलु नाउले सकार गरेको देखिन्छ । यस अवस्थामा मोहीको मृत्यु भएकोले निजको हक छोरामा हुने र दाजुले भाइलाई मन्जुरीनामा दिइसकेपछि जग्गावालाले पत्याउनुपर्ने अवस्था नदेखिँदा मोहीको हक निज बबलु नाउमा नै देखिन्छ। त्यस्तै उक्त ऐनको दफा २६घ. मा "दफा २६ग. को उपदफा (१) बमोजिम जग्गाधनी र मोही दुवैथरी आपसमा मन्जुर हुन नसकी जग्गाधनी वा मोहीमध्ये कुनै एक पक्षले निवेदन दिएमा तोकिएको अधिकारीले जग्गाधनी वा मोहीलाई झिकाई आवश्यक प्रमाण बुझ्नुपर्ने भए सोसमेत बुझी नरमकरम मिलाई जग्गाधनी र मोहीलाई आधा आधा हुने गरी जग्गा बाँडफाँट गरी मोही लगतसमेत कट्टा गरिदिनुपर्ने छ।" भन्ने व्यवस्था देखिन्छ । यस स्थितिमा भूमि सुधार कार्यालय, बाँकेमा उक्त विवादित जग्गाको मोही अलि अहमद नाउले मोही जग्गा बाँडफाँट गरिपाउँ भन्ने निवेदन गरेकोमा सोसम्बन्धी बुझ्नुपर्ने सम्पूर्ण प्रमाण बुझी समान किसिमको जग्गा भएको हुँदा मुद्दा सकार गर्ने मोहीको छोरा बबलु नाउको नाममा मोही हिस्सा छुट्याई भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ बमोजिम नरमकरम मिलाई भूमि सुधार कार्यालय, बाँकेद्वारा बाँडफाँट गरेको नै देखिँदा उक्त कार्यलाई गैरकानूनी भनी मान्न नसकिने।

अब निवेदकको मागबमोजिम आदेश जारी हुनुपर्ने हो होइन भन्नेतर्फ विचार गर्दा, उक्त विवादित जग्गामा अलि अहमद नाउ मोही रहेको कुरामा विवाद देखिँदैन। जग्गाधनी निवेदकले बाली दिलाई मोही निष्काशन गरिपाउँ भनी र मोही अलि अहमद

नाउले मोही जग्गा बाँडफाँट गरिपाउँ भनी भूमि सुधार कार्यालय, बाँकेमा निवेदन दिएको अवस्थामा दुवै मुद्दाको रोहमा बुझ्नुपर्ने प्रमाणहरू बुझी भूमि सुधार कार्यालय, बाँकेले मिति २०७४।६।२३ मा निर्णय गरेको देखिन आयो । कानूनबमोजिम स्थापित राज्यका हरेक निकाय तथा त्यसमा आसिन पदाधिकारीहरूका कामकारबाही र क्रियाकलाप कानूनसम्मत हुनुपर्दछ । कानूनले प्रदान गरेको क्षेत्राधिकारअन्तर्गत रहेर भूमि सुधार कार्यालय, बाँकेले आफूसामु परेको निवेदनउपर बुझ्नुपर्ने प्रमाणहरूलाई बुझी गरेको निर्णयलाई गैरकानूनी क्षेत्राधिकारविहीन भन्न मिल्ने देखिँदैन । कानूनी राज्यमा कानूनबमोजिम भए गरेका कामले मान्यता पाउने नै हुँदा भूमि सुधार कार्यालय, बाँकेले मिति २०७४।६।२३ मा गरेको निर्णय अन्यथा मान्न सकिएन । यस अवस्थामा निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अपरिहार्यता नदेखिएकोले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: नबिन आचार्य

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७६ साल पुस २३ गते रोज ४ शुभम् ।**

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री तेजबहादुर के.सी.,** *०७४-WO-०४३०, उत्प्रेषणसमेत, उत्सव खड्का वि. काठमाडौं महानगरपालिका वडा नं. ४ को वडा कार्यालयसमेत*

कानूनी शासनमा कानूनबमोजिम भए गरेका कामले मात्र मान्यता पाउने हुन्छ । राज्यका हरेक अङ्ग तथा त्यसमा आसिन पदाधिकारीहरूका कामकारबाही र क्रियाकलाप कानूनसम्मत हुनुपर्दछ । कुनै पनि निकायले जतिसुकै राम्रो परिणाम आउने काम गरे पनि यदि त्यो काम गर्ने अधिकार उक्त निकायलाई छैन अर्थात् नभएको अधिकार प्रयोग गरी निर्णय भएको छ भने त्यस्तो निर्णयले वैधता प्राप्त गर्न सक्दैन । तसर्थ, प्रचलित कानूनहरूले आफ्नो क्षेत्राधिकारभित्र नपर्ने विषयमा हस्तक्षेप गरी वडा कार्यालय र यसका अध्यक्षबाट भएको निर्णय एवं उक्त पत्रले कानूनी मान्यता पाउन सक्ने देखिएन । यसै सम्बन्धमा ने.का.प. २०७४, अङ्क ५, नि.नं. ९८०७ मा *"कसैको हक अधिकारमा असर पुग्ने अधिकारीले निजउपर निर्णय गर्दा सो निर्णय गर्ने क्षेत्राधिकार छ, छैन भनी प्रारम्भिकरूपमै विचार पुऱ्याउनुपर्दछ । कानूनले क्षेत्राधिकार नै प्रदान नगरेको विषयमा गरिएको निर्णय कानूनसम्मत र वैधानिक निर्णय हुन सक्दैन । त्यस्तो क्षेत्राधिकारविहीन निर्णयले कानूनी मान्यतासमेत प्राप्त गर्न नसक्ने"* भनी सिद्धान्त प्रतिपादित भएको छ जुन प्रस्तुत मुद्दामा समेत सान्दर्भिक देखिने ।

निवेदकले नापी कार्यालयमा दिएको निवेदनबमोजिम विवादित जग्गाको स्थलगत निरीक्षण प्रतिवेदनमा नापी नक्साअनुसार निवेदकको जग्गा साँध किला ठोकी कायम गरेको भनी रेखाङ्कन प्रतिवेदन गरेको पाइयो उक्त प्रतिवेदन स्वयं का.म.न.पा. वडा नं. ४ को अध्यक्ष मोहनबहादुर विष्ट र सदस्य ध्रुवप्रसाद त्रिपाठीको रोहबरमा तयार पारेको देखिन आयो । विपक्षीको लिखित जवाफमा निवेदकले सार्वजनिक जग्गा अतिक्रमण गरेको भनी उल्लेख गरे तापनि उक्त रेखाङ्कनमा सार्वजनिक जग्गा अतिक्रमण गरेको भनी उल्लेख गरेकोसमेत

देखिँदैन । मिसिल संलग्न कागज प्रमाणबाट उक्त जग्गामा पहिलेदेखिको ढुङ्गाको पर्खाल रहेकोमा हाल निवेदकले सो साबिकको पर्खालमा थप ईट्टाको पर्खाल लगाएको देखिन्छ। जसबाट निवेदकले हाल आएर सार्वजनिक जग्गा आफ्नो जग्गामा घुसाएको भनी विपक्षीले लिएको जिकिरलाई समर्थन गर्न सकिएन । दशौं वर्षअगाडिदेखि ढुङ्गाको पर्खाल लगाई राखेकै सिमानामा निवेदकले इँट्टा थप गरी पर्खाल लगाएको देखिन्छ । विपक्षी कार्यालयले उक्त पत्र जारी गर्दा आफूलाई के कुन ऐन कानूनले प्राप्त हक अधिकारबमोजिम उक्त आदेशपत्र जारी गरेको हो सोसमेत पत्रमा खुलाएको अवस्था छैन। कुनै पनि सरकारी निकायले आफ्नो अधिकारको प्रयोग गर्दा कानूनले दिएको अधिकारको दायरामा सीमित रही आफ्नो काम कारबाही सम्पन्न गर्नुपर्ने देखिन्छ । कुनै पनि व्यक्ति विशेषले सार्वजनिक जग्गा मिचेको हो कि होइन भन्ने विवाद उठेमा पनि सो विवादको निराकरण सम्बन्धित जग्गाको हक भोग दर्ता तिरोको प्रमाण बुझी सोको मूल्याङ्कनको आधारमा निर्क्योल अख्तियारप्राप्त निकायले नै गर्नुपर्ने।

नगरपालिका क्षेत्रभित्र कसैले निर्माण गरेको संरचना कानूनसम्मत छ, छैन भनी जाँच गरी सो निर्माण कानून प्रतिकूल देखिएमा नियमन गर्ने तथा भत्काउन लगाउने अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिकाको कार्यालयलाई दिइएको छ। ऐ. ऐनको दफा ३९(६) ले कसैले नक्सा पास नगरी वा नेपाल सरकारको स्वीकृत मापदण्डविपरीत भवन निर्माण गरेको देखिएमा सो गर्ने व्यक्तिको घर कम्पाउन्डसमेत भत्काउन लगाउने आदेश दिनुपूर्व अध्यक्ष वा प्रमुखले त्यस्तो भवन निर्माण गर्ने व्यक्तिलाई प्रतिवादको मनासिब मौका दिई मात्र सोतर्फ कारबाही गरिने कानूनी व्यवस्था रहेकोमा प्रतिवादको मौका दिई स्पष्टीकरण माग गर्नुपर्नेमा सो गरेको देखिँदैन । सरकारी निकायले कसैको विरूद्धमा कुनै निर्णय गर्दा त्यस्तो निर्णयबाट कसैको हक अधिकारमा आघात पर्दछ भने निर्णय गर्नुभन्दा पूर्व निजलाई सुनुवाइको मौका दिनुपर्छ भन्ने प्राकृतिक न्यायको सिद्धान्तसमेत रहेको अवस्थामा प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल हुने गरी प्रस्तुत रिटमा यी निवेदकलाई सुनुवाइको कुनै अवसर दिएको पाइएन । यसरी प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल हुने गरी गरेको कार्यले न्यायिक प्रक्रियामा वैधानिकता पाउने देखिन आएन । यसै सम्बन्धमा ने.का.प. २०७४, अङ्क ५, नि.नं. ९८०६ मा *"प्राकृतिक न्यायको आत्मा भनेको अधिकारप्राप्त अधिकारीको काम कारबाहीमा स्वच्छता कायम गर्नु, न्यायका निम्ति अन्याय हुनुबाट रोक्नु हो । कानूनको उचित प्रक्रिया (Due process of law) र प्राकृतिक न्यायको सिद्धान्तको परिपालना नगरी गरिएका निर्णय उचित नभई मनोगतरूपमा भएको मानिने।"* भनी सिद्धान्त प्रतिपादित भएको पाइन्छ जुन प्रस्तुत मुद्दामा समेत सान्दर्भिक देखिने।

काठमाडौं महानगरपालिका वडा नं.४ को कार्यालयले निवेदकको नाउँमा जारी गरेको च.नं. ४/१६०४ मिति २०७४/०९/२१ को पत्र कानूनसम्मत नभई त्रुटिपूर्ण भएकाले उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। यस अदालतबाट मिति २०७४।०९।२६ मा रिट निवेदकले माग

गरेको काठमाडौं महानगरपालिका वडा नं. ४ को कार्यालयले निवेदकको नाउँमा जारी गरेको च.नं. ४/१६०४ मिति २०७४/०९/२१ को पत्र कार्यान्वयन नगर्नु भनी अन्तरिम आदेश जारी भई निरन्तरता पाइरहेको सन्दर्भमा सोही आदेशबाट रिट निवेदकको मागको सम्बोधन भइसकेको हुँदा परमादेशतर्फ थप विचार गरिरहनु नपर्ने।

इजलास अधिकृत : नबिन आचार्य

कम्प्युटर : रमला पराजुली

**इति संवत् २०७६ साल पौष २३ गते रोज ४ शुभम्।**

**३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७४-CR-०६९०, कर्तव्य ज्यान, नेपाल सरकार वि. पदम नेपाली*

प्रतिवादी पदम नेपालीले कुनै हातहतियार प्रयोग गरेको देखिँदैन । निजको बयान तथा छोरा सुनिल वि.क. लगायत अन्य साक्षीहरूको भनाइ बेहोराबाट समेत लात मुक्काले प्रतिवादीले श्रीमतीलाई कुटपिट गरेको देखिन्छ। पहिलेदेखिको मार्नुपर्नेसम्मको रिस रहेको र सोही रिसका कारण मार्ने नियत राखी आफ्नै श्रीमतीलाई मारेको पुष्टि हुने कुनै आधार, प्रमाण मिसिलमा संलग्न रहेको देखिँदैन । प्रतिवादीले श्रीमती सुन्तली कामीलाई हानेपछि निज श्रीमती काम्न थालेपछि छोरालाई बोलाई आमा बिरामी भएकोले मानिसहरूलाई बोलाउन पठाएको भन्ने देखिन्छ। बकपत्र गर्ने अम्मा वि.क. समेतका साक्षीहरूले सुनिल वि.क. आमा बिरामी भइन् भन्दै घटनापछि बोलाउन आएको र निजको घरमा गई हेर्दा सुन्तली वि.क. को मृत्यु भइसकेको देखेकी हुँ भनी गरेको बकपत्रसमेतले यी प्रतिवादीले श्रीमतीलाई मार्ने नै नियतले हानेको भन्ने देखिँदैन भने हानिसकेपछि पनि बचाउन खोजेको देखिन्छ। अघिल्लो दिनदेखिको रिसइवी रहेको र सोही रिसइवी पूरा गर्न प्रतिवादीले श्रीमतीलाई मार्ने नियतले नै कुटपिट गरेका हुन् भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेकोमा प्रतिवादी र निजकी श्रीमतीबिचको वादविवादको विषय घटनाको अघिल्लो दिन आफूसँग राम्रो सम्बन्ध नरहेको दाइ नाता पर्ने चन्द्र वि.क. को बुहारीलाई सुन्तली वि.क. ले सुत्केरी गराउन स्वास्थ्य चौकी लगेको भन्ने विषय रहेको देखिन्छ । यसले पुनरावेदक वादीले जिकिर लिएजस्तो अघिल्लो दिनदेखि नै रिसइवी राखेको भन्ने नदेखिई झगडाको विषय मात्र अघिल्लो दिनको कार्य रहेको भन्ने देखिन्छ भने उक्त विषयमा आफ्नै श्रीमतीलाई मार्नुपर्नेसम्मको अवस्था सिर्जना भयो भनी विश्वाससमेत गर्न सकिने देखिँदैन । सो हुँदा प्रतिवादीले पूर्वरिसइवी राखी श्रीमती सुन्तली कामीलाई मनसायपूर्वक मारेको नभई श्रीमतीसँग वादविवाद हुँदा तत्कालको आवेशमा कुटपिट गर्दा श्रीमती सुन्तली कामीको मृत्यु हुन पुगेको पुष्टि हुन आएको छ । सो हुँदा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुरमा ऐ. १४ नं. बमोजिम सजाय हुने गरी भएको सुरू फैसला सदर गरेको उच्च अदालत सुर्खेत, जुम्ला इजलासको फैसला मिलेकै देखिन्छ । प्रतिवादीले घटनाको अघिल्लो दिनदेखि श्रीमतीलाई मार्नका लागि मनसाय बनाई कुटपिट गरी श्रीमतीको ज्यान मारेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा उपस्थित विद्वान् उपन्यायाधिवक्ताको

बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रतिवादी पदम नेपालीले श्रीमतीसँग वादविवाद हुँदा तत्कालको आवेशमा श्रीमतीलाई कुटपिट गर्दा निज श्रीमती सुन्तली कामीको मृत्यु हुन गएकोमा निज प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर गरेको पुष्टि भई निज प्रतिवादीलाई सोही १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने गरी सुरू कालिकोट जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी भएको उच्च अदालत सुर्खेत, जुम्ला इजलासको मिति २०७३।८।२९ को फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल जेठ २५ गते रोज १ शुभम्।**

**४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७४-CR-१२०५, कर्तव्य ज्यान, नेपाल सरकार वि. शेषमान थारूसमेत*

जाहेरवालाको किटानी जाहेरी तथा बकपत्र बेहोरा, कपिलवस्तु जिल्ला, पतरिया ७, सोहसा चौराहामा खडा गरिएको घटनास्थल मुचुल्का, मृत्युको कारणमा Death due to intracranial bleeding भन्ने शव परीक्षण प्रतिवेदन, मृतकसँग कुटपिट हुँदा निज भुइँमा ढलेका हुन् भन्ने प्रतिवादी जंगबहादुर थारूको अनुसन्धानको क्रममा भएको बयान, रामकुमार थारूले गाली गलौज गरेको हुँदा निजलाई हात मुक्काले हानेको भनी छोरा जंगबहादुरले भनेको थियो भन्ने शेषमान थारूको अनुसन्धानको क्रममा भएको बयान, जंगबहादुर र मृतकबिच कुटपिट भएको देखेको तथा छुट्ट्याइदिएको हुँ भन्ने प्रत्यक्षदर्शी धनिराम थारूको अदालतमा भएको बकपत्र तथा प्रतिवादी जंगबहादुर र मृतकबिच कुटपिट भएको र सोही कुटपिटका कारणले मृतकको मृत्यु भएको हो भन्ने बुझिएका साक्षीहरूको भनाइसमेतबाट मृतक रामकुमार थारूको मृत्यु कर्तव्यबाट भएको भन्ने पुष्टि हुने।

प्रतिवादीहरूको कसुरमा संलग्नताको सम्बन्धमा हेर्दा प्रतिवादी शेषमान थारूलाई सुरू अदालत र पुनरावेदन तहको अदालतबाट कसुरमा सफाइ दिएको देखिन्छ। निज प्रतिवादीको हकमा वादी नेपाल सरकारले जिकिर लिए जस्तो कसुरमा संलग्नताको सम्बन्धमा विवेचना गर्दा निज प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा समेत बयान गर्दा मृतकलाई कुटपिट गरेको होइन भनी कसुरमा इन्कार रही बयान लेखाएका छन् । प्रतिवादी जंगबहादुरले अदालतमा बयान गर्दा मृतकलाई कुटपिट गरेको होइन भनी कसुरमा इन्कार रही बयान गरेको भए तापनि अनुसन्धानको क्रममा बयान गर्दा मृतकसँग कुटपिट आफूले मात्र गरेको र अरू कोही थिएन भनी बयान लेखाएको देखिन्छ । प्रत्यक्षदर्शी भनिएका धनिराम थारूले रामकुमार र जंगे गाउँको चौराहामा झगडा गरेका हुन्। जंगबहादुरको बाबु आई रामकुमारलाई तानेका हुन् भनी बकपत्रमा लेखाइदिएको देखिन्छ । निज धनीरामले प्रतिवादी शेषमान थारूले समेत कुटपिट गरेका हुन् भनी लेखाएको पाइँदैन। प्रतिवादी शेषमान थारू निर्दोष छन्, सफाइ पाउनुपर्छ भनी निज प्रतिवादीका साक्षी हर्ष नारायण चौधरीले बकपत्र

गरिदिएका छन् । जाहेरवाला पदमराज थारूले जाहेरी बेहोरामा शेषमान थारूसमेतले कुटपिट गरेको भनी उल्लेख गरेका तथा बकपत्र गर्दा दुवै प्रतिवादीले हानेका हुन् भनी मृतक भाइले कुटपिट भएको ३ दिनपछि भनेका थिए भनी लेखाएका छन्। यी जाहेरवाला घटनाका प्रत्यक्षदर्शी रहेको देखिँदैन भने भाइले प्रतिवादी शेषमानले समेत हानेका थिए भनी भनेका थिए भनी उल्लेख गरेको विषय अन्य कुनै विश्वसनीय प्रमाणबाट समर्थित भएको देखिँदैन। कुनै साक्षी प्रमाणले यी प्रतिवादी शेषमान थारू वारदातस्थलमा उपस्थित भई मृतकलाई कुटपिट गरेका हुन् भन्ने देखिन आएको छैन । प्रत्यक्षदर्शी नरहेका जाहेरवालाको बकपत्रको भनाइलाई निरपेक्ष रूपमा प्रमाणमा लिई प्रतिवादी शेषमान थारूलाई कसुर ठहर गरी सजाय गर्न मिल्ने देखिन आएन। अतः यी प्रतिवादी शेषमान थारू कसुरमा संलग्न रहेको भन्ने पुष्टि हुन नसकेको अवस्थामा निज प्रतिवादीले आरोपित कसुरमा सफाइ पाउने गरी भएको सुरू फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला मिलेकै देखिने।

प्रतिवादी जंगबहादुर थारूको कसुरमा संलग्नता तथा कस्तो रीतबाट कसुर भएको हो भन्ने सम्बन्धमा विवेचना गर्दा यी प्रतिवादीले अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान बेहोरा लेखाएको भए तापनि अनुसन्धानको क्रममा बयान गर्दा मृतक रामकुमारले मादक पदार्थ सेवन गरी नसाको सुरमा मलाई अश्लील शब्द प्रयोग गरी गाली गलौज गरेको हुँदा मलाई रिस उठी निजलाई धकेली दिएको हुँ। निज उत्तानो परी भुइँमा ढली टाउको ठोकिएको थियो। निज उठी पुनः मलाई झम्टन खोजेको हुँदा हात मुक्काले टाउको तथा शरीरको विभिन्न भागमा प्रहार गरेको हुँ। त्यसपछि निज भुइँमा ढलेका हुन् भनी बेहोरा लेखाएको देखिन्छ। प्रतिवादी शेषमान थारूले अनुसन्धानको क्रममा बयान गर्दा मृतक रामकुमारले गाली गलौज गर्दा कुटपिट भएको र निज रामकुमार भुइँमा ढलेको भनी छोरा जंगबहादुरले बताएका थिए भनी बयान गरेको देखिन्छ। प्रतिवादी जंगबहादुर थारू र मृतक रामकुमार थारू कुटपिट गरेका हुन् भनी प्रत्यक्षदर्शी धनिराम चौधरीले अदालतमा बकपत्र गर्दा खुलाइदिएका छन्। त्यसैगरी प्रतिवादी जंगबहादुर थारूले रामकुमार थारूलाई कुटपिट गरेका हुन्, निजको कुटाइका कारणबाट नै रामकुमारको ५ दिनपछि मृत्यु हुन पुगेको हो भनी कागज तथा बकपत्र गर्ने अन्य साक्षीहरूले खुलाइदिएको देखिन्छ । यसबाट प्रतिवादीको बयान, प्रत्यक्षदर्शीलगायत अन्य साक्षीहरूको बकपत्र तथा शव परीक्षण प्रतिवेदनसमेतका प्रमाणबाट प्रतिवादी जंगबहादुर थारूको कर्तव्यबाट नै मृतक रामकुमारको ज्यान मरेको भन्ने देखिने।

प्रतिवादीले ज्यान मार्ने मनसाय राखी मृतकको ज्यान मारेका हुन् भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा प्रतिवादी जंगबहादुर थारूले कुटपिट गर्दा रामकुमार थारूको मृत्यु भएकोमा विवाद नभए तापनि मृतक र यी प्रतिवादीबिच ज्यान मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहेको देखिँदैन भने अभियोगपत्र र पुनरावेदन पत्रमा समेत खुल्न सकेको छैन। एकपटक कुटपिट गरी ढलिसकेपछि पुनः लात मुक्काले हानेको

हुँदा तत्कालको रिसमा भएको घटना होइन भन्ने पुनरावेदन जिकिर रहेको देखिन्छ । प्रतिवादीले हातहतियार तथा अन्य घातक चिज वस्तुले हानेको भन्ने देखिँदैन । झगडाको कारण पूर्वरिसइवी भन्ने देखिँदैन । कागज तथा बकपत्र गर्ने साक्षीहरू कसैले पनि झगडाको कारण पूर्वरिसइवी रहेको थियो भनी लेखाउन सकेका छैनन् । मृतक रामकुमारले आफूलाई गाली गलौज गरेको हुँदा हानेको र निज भुइँमा ढलिसकेपछि पुनः उठी झम्टन आएको हुँदा लात मुक्काले हानेको हुँ भनी प्रतिवादीले खुलाएका छन् । आरोप लगाउने वादी नेपाल सरकारबाट प्रतिवादीमा मृतकलाई मार्नुपर्नेसम्मको मनसाय रहेको थियो भनी पुष्टि गर्न सकेको देखिँदैन । यसले पूर्वरिसइवी पूरा गर्न कुटपिट गरेको नदेखिएको, कुनै योजना बनाई हानेको नदेखिएको, हातहतियार वा घातक चिज वस्तुले प्रहार गरेको नदेखिएको, प्रतिवादीले ज्यान मार्नका कारणले नै मृतकलाई हानेको भन्ने कतैबाट पुष्टि हुन नसकेकोबाट प्रतिवादीले ज्यान मार्ने मनसाय राखी मृतकलाई कुटपिट गरेको भन्ने देखिँदैन । यसबाट तत्काल भएको झगडाको कारणबाट प्रतिवादी र मृतकबिच कुटपिट भएको र कुटपिट हुँदा मृतकको टाउकोलगायत अङ्गमा चोट लाग्दा सोही चोटका कारण निजको मृत्यु हुन पुगेको देखिने ।

यस सम्बन्धमा रहेको कानूनी व्यवस्थालाई हेर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. मा लाठा, ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा जन्मकैदको सजाय हुने भन्ने व्यवस्था रहेको पाइन्छ । यस व्यवस्थाबमोजिम सजाय हुन प्रतिवादीले मार्ने नियत राखी कसैको ज्यान मारेको पुष्टि हुनुपर्ने देखिन्छ । त्यसैगरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. मा भएको कानूनी व्यवस्थालाई हेर्दा ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात मुक्का इत्यादि हान्दा सोही चोटपिरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ भन्ने व्यवस्था रहेको र यस व्यवस्थाअनुसार तत्कालको रिसमा कसैले साधारण लाठा, ढुङ्गा, लात मुक्काले हान्दा कसैको मृत्यु भएमा यस नं. बमोजिम आवेशप्रेरित हत्या हुने ।

प्रतिवादी जंगबहादुर थारूले मार्नेसम्मको मनसाय राखी मृतकलाई हानेको भन्ने पुष्टि हुन नसकी तत्कालको झगडामा रिस थाम्न नसकी लात मुक्काले मृतक रामकुमार थारूलाई कुटपिट गर्दा सोही कुटपिटको चोटका कारण मृतकको मृत्यु भएको पुष्टि हुन आएको हुँदा प्रतिवादी जंगबहादुर थारूलाई आवेशप्रेरित हत्यामा कसुरदार ठहर गरी सजाय गरेको उच्च अदालत तुलसीपुर बुटवल इजलासको फैसला अन्यथा देखिन आएन । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर र उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः प्रतिवादी जंगबहादुर थारूले मृतक रामकुमार थारूसँग झगडा हुँदा तत्कालको रिस तथा आवेशमा आई कुटपिट गर्दा निज मृतकको

मृत्यु हुन गएको देखिँदा निज प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर गरेको पुष्टि भई निज प्रतिवादीलाई सोही १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने र प्रतिवादी शेषमान थारूले आरोपित कसुरमा सफाइ पाउने ठहर गरी सुरू कपिलवस्तु जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी भएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७४।१।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल जेठ २५ गते रोज १ शुभम्।**

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७५-CR-०३५४, कर्तव्य ज्यान, नेपाल सरकार वि. अकलेश मण्डल खत्वेसमेत*

मृतक सुकेश्वरीदेवी नुनियाको लासको निधारमा गोली हानेको प्वाल रहेको, नाकबाट रगत जस्तो पदार्थ निस्केको भन्ने घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का रहेको र सुकेश्वरीदेवीको मृत्युको कारण Injury to vital center of brain भनी शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको देखिएबाट निजलाई मार्न बन्दुकको प्रयोग भएको पुष्टि हुन्छ तर वारदातस्थलमा तथा निजको घर खान तलासी गर्दा सो बन्दुक बरामद भए नभएतर्फ अनुसन्धान भएको देखिएन । निजको मृत्युका सम्बन्धमा यी प्रतिवादीको संलग्नता के कस्तो रहेको छ भन्नेतर्फ हेर्दा यी प्रतिवादीसमेतले मिली गोली हानी मारेको हो भनी अनुसन्धानका क्रममा बुझिएका व्यक्तिहरू चुनचुन साह, नरेश मण्डल, राजिव मण्डल, संजय साहसमेतले अदालतमा आई बकपत्र गरिदिएको भए तापनि उक्त घटना यिनै प्रतिवादीले गरेका हुन् भनी स्वयंले देखेको नभई सुनेको भरमा मात्र बकपत्र गरिदिएको मिसिल संलग्न कागजातबाट देखियो। अरूबाट सुनेको भरमा मात्र बकपत्र गरिदिएको प्रमाणलाई अरू स्वतन्त्र प्रमाणले समर्थन नगरेको हुँदा उक्त प्रमाणलाई तथ्यगत प्रमाणको रूपमा लिन मिलेन । उक्त बकपत्रको आधारमा प्रतिवादी अकलेश मण्डललाई अभियोग दाबीबमोजिम दोषी ठहर गर्नु न्यायसम्मत नदेखिने।

सुकेश्वरीदेवीलाई अकलेश मण्डलले नै मारेका हुन् भनी पुष्टि हुन नसकेकोले निजउपर दिएको जाहेरी दरखास्त अभियोग माग दाबीको भरमा मात्र दोषी करार गरी सजाय गर्नु न्यायको दृष्टिमा समेत मेल खाने हुँदैन । साथै घटना विवरण कागजका मानिस रमेश साह र रोशन रायले अदालतमा समेत बकपत्र गर्दा प्रतिवादी बेचु मण्डलले गोली चलाएका हुन्, अकलेश मण्डल वारदातस्थलमा उपस्थित थिए, निजको हातमा केही थिएन भनी स्पष्ट रूपमा बकपत्र गरी दिएबाट प्रतिवादी अकलेश मण्डलको वारदातस्थलमा उपस्थिति मात्र प्रमाणित हुनु नै ज्यानै मार्ने कसुर गरेको भन्ने कुराको पुष्टि गर्ने आधार नहुने।

यसैगरी सहअभियुक्त समतोलिया देवीले अधिकारप्राप्त अधिकारी तथा अदालतमा बयान गर्दासमेत सुकेश्वरीदेवीको हत्याको षड्यन्त्र बनाउनुमा प्रतिवादी अकलेश मण्डलको सहभागिता रहेको छ र निजले सासू सुकेश्वरीदेवीलाई वारदातस्थलसम्म पुऱ्याउने कार्यसमेत गरेका हुन् भनी पोल गरी बयान गरिदिएको देखियो

तर सो बयानलाई स्वतन्त्र प्रमाणबाट पुष्टि गर्न सकेको पाइँदैन। यस सम्बन्धमा यस अदालतबाट "सहप्रतिवादीको पोल आफैँले स्वतन्त्र प्रमाणको स्वरूप ग्रहण गर्न सक्दैन । त्यस्तो पोल अन्य स्वतन्त्र ठोस प्रमाणबाट समर्थित हुनुपर्ने" (ने.का.प.२०६४, अङ्क १०, नि.नं.७८९३) मा भनी सिद्धान्तसमेत प्रतिपादन भएको देखिने।

प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार, कुनै पनि फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादी नेपाल सरकारमा निहित रहेको हुन्छ । प्रस्तुत मुद्दामा मृतक सुकेश्वरीदेवीलाई मार्ने षड्यन्त्र बनाउने, निजलाई वारदातस्थलसम्म पुऱ्याउने तथा निजमाथि गोली प्रहार गरी मार्ने जस्ता आपराधिक कार्य कसले गरेको हो भनी पुष्टि गर्नेसम्मको वस्तुनिष्ठ आधारभूत सबुद प्रमाण अभियोजन पक्षबाट प्रस्तुत हुन सकेको देखिँदैन । निज प्रतिवादी अकलेश मण्डलले नै सुकेश्वरीदेवीलाई मार्ने षड्यन्त्र बनाएका वा उक्त षडयन्त्रलाई कार्यान्वयन गर्ने प्रयास गरेका भन्ने कुरालाई पुष्टि गर्ने कुनै ठोस सबुद प्रमाण पेस गर्न सकेको देखिँदैन तर बेचु मण्डलले गोली प्रहार गरी सुकेश्वरीदेवीको हत्या गर्दा प्रतिवादीहरू अकलेश मण्डल र समतोलियादेवी दुवै वारदातस्थलमा उपस्थित रहेको भने देखिने।

वादी नेपाल सरकारले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) र १६ नं. बमोजिम सजाय हुनुपर्नेमा ऐ.को १७(२) बमोजिम सजाय गरेको मिलेन भनी लिएको पुनरावेदन जिकिरबमोजिमको कानूनी व्यवस्था हेर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं.मा "जुनसुकै कुरा गरीकन पनि ज्यान मार्नामा वचन दिनेलाई वा वारदात भइरहेको ठाउँमा गई मार्नालाई संयोग पारिदिना निमित्त मर्ने मानिसको जिउमा हात हाली पक्री समाती दिनेलाई जन्मकैद गर्नुपर्छ" भन्ने र ऐ.को १६ नं. मा "ज्यान मार्ने काममा वा ज्यान मर्न सक्ने कुनै कुरामा मुख्य भई षड्यन्त्र गर्ने वा त्यस्तो काम गर्न लगाउनेलाई ज्यान मरेको रहेछ भने दश वर्षदेखि पन्ध्र वर्षसम्म कैदको सजाय गर्नुपर्छ। ज्यान मर्न पाएको रहेनछ भने पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद गर्नुपर्छ" भन्ने व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीहरू अकलेश मण्डल र समतोलिया देवीले सुकेश्वरीदेवीलाई मार्नमा वचन दिने वा वारदात भइरहेको ठाउँमा गई मार्नालाई संयोग पारिदिना निमित्त मर्ने मानिसको जिउमा हात हाली पक्री समाती दिनेसमेतका कार्य गरेको पुष्टि हुने कुनै तथ्य मिसिल संलग्न भएको देखिँदैन । यसैगरी प्रतिवादी अकलेश मण्डलले मृतक सुकेश्वरीलाई मार्ने षड्यन्त्र गरेको भन्ने सहअभियुक्त समतोलिया देवीको पोलबाहेक अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नहुनुको साथै सो षड्यन्त्रअनुसार कुनै कार्यको थालनी भएकोसमेत देखिएन । यसबाट उल्लिखित दफाहरू प्रस्तुत मुद्दामा आकर्षित हुने नदेखिने।

यसैगरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) को कानूनी व्यवस्था हेर्दा, "माथि १ दफामा लेखिएबाहेक घेरा दिने, बाटो, गौडा छेक्ने वा भाग्न उम्कन नपाउनेसमेत गैह्र काम गरी मार्ने संयोग पारिदिनेलाई पाँच वर्ष कैद गर्नुपर्छ" भन्ने व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दाका प्रतिवादीहरू अकलेश मण्डल र समतोलिया देवीले

सुकेश्वरीदेवीलाई मार्ने कार्यमा मुख्य भई षड्यन्त्र गरेको, मार्नमा वचन दिएको, वारदात भइरहेको ठाउँमा गई मार्नालाई संयोग पारिदिना निमित्त मर्ने मानिसको जिउमा हात हाली पक्री समाती दिनेसमेतका कार्य गरेको पुष्टि हुने कुनै तथ्य मिसिल संलग्न रहेको नदेखिए तापनि यी प्रतिवादीहरू वारदातस्थलमा उपस्थित भई भाग्न उम्कन नपाउनेसमेत गैह्र काम गरी मार्ने संयोग पारिदिने कार्य भने गरेका होइनन् भन्न नसकिने हुँदा प्रस्तुत मुद्दामा उल्लिखित मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(२) नं. आकर्षित हुने नै देखिने।

प्रतिवादीहरू अकलेश मण्डल र समतोलिया देवीले सुकेश्वरीदेवीलाई मार्ने कार्यमा मुख्य भई षडयन्त्र गरेको, मार्नमा वचन दिएको वा वारदात भइरहेको ठाउँमा गई मार्नालाई संयोग पारिदिना निमित्त मर्ने मानिसको जिउमा हात हाली पक्री समाती दिनेसमेतका कार्य गरेको अवस्था नभई वारदातस्थलमा उपस्थित भई भाग्न उम्कन नपाउनेसमेत गैह्र काम गरी मार्ने संयोग पारिदिने कार्य भने गरेका होइनन् भन्न नसकिने हुँदा निज प्रतिवादीहरू अकलेश मण्डल र समतोलिया देवीसमेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम ५(पाँच) वर्ष कैद सजाय हुने गरी भएको उच्च अदालत जनकपुरको फैसलालाई अन्यथा मान्न मिलेन । अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः प्रतिवादी अकलेश मण्डललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १६ नं. बमोजिम १२(बाह्र) वर्ष कैद र प्रतिवादी समतोलिया देवीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १७(२) नं. बमोजिम ५ वर्ष कैद हुने गरी भएको सर्लाही जिल्ला अदालतको फैसला केही उल्टी भई पुनरावेदक अकलेस मण्डललाई समेत मुलुकी ऐन, ज्यानसम्बन्धीको नं. १७(२) बमोजिम ५ वर्ष कैद हुने ठहर्‍याई उच्च अदालत जनकपुरबाट मिति २०७४।१०।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : राजकुमार दाहाल

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७७ साल जेठ २७ गते रोज ३ शुभम्।**

## ६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-CI-०७७१, अंश चलन, कृष्णकुमारी बोगटी वि. अर्जुनकुमार बोगटी*

मूल पुरुष लालबहादुर बोगटीका दुई श्रीमतीमा जेठी लिलामाया बोगटीतर्फबाट १ छोरा अर्जुनबहादुर बोगटी र कान्छी प्रतिवादीमध्येकी कृष्णकुमारीको तर्फबाट २ छोरा रमेशकुमार बोगटी र महेन्द्र बोगटी तथा २ छोरीहरूमा तारा र मेनुका रहेकोमा छोरीहरूको विवाह भइसकेको र लिलामायाको समेत २०४२ सालमा परलोक भई लालबहादुर, कृष्णकुमारी, अर्जुनबहादुर, रमेशकुमार र महेन्द्र गरी जम्मा ५ अंशियार रहेको देखिन्छ । यी वादी प्रतिवादीहरू अंशियार भएका र नातापुस्तामा कुनै विवाद रहेको देखिँदैन । पुनरावेदक प्रतिवादी कृष्णकुमारीसमेतले प्रत्यर्थी वादी अर्जुनकुमार बोगटीले हामीहरूबाट अघि

नै घरसारमै अंश पाइसकेको भनी प्रतिउत्तर एवं पुनरावेदन जिकिरमा उल्लेख गरेको भए तापनि वादी तथा अन्य प्रतिवादीहरूसमेतले अंश पाइसकेको तथा वादीका पिता लालबहादुर बोगटीले अंश दिइसकेको भन्ने तथ्यपरक, वस्तुनिष्ठ लिखत प्रमाण पेस गर्न सकेको देखिँदैन । त्यसैले वादी अर्जुनकुमार बोगटी तथा प्रतिवादीहरू कृष्णकुमारी बोगटी, लालबहादुर बोगटी र अ.बं. १३९ नं. बमोजिम बुझिएका महेन्द्र बोगटी, रमेशकुमार बोगटीसमेतका बिच रीतपूर्वक अंशबन्डा भएको कुनै लिखित प्रमाण पेस हुन नआएको तथा निजहरूका बिच नातामा विवाद नभएको यस स्थितिमा वादी, प्रतिवादीहरू र अ.बं. १३९ नं. बमोजिम बुझिएका व्यक्ति महेन्द्र बोगटी, रमेशकुमार बोगटीसमेतका बिच एकासगोलको सम्पत्ति अंशबन्डा हुने नै देखिन आउने ।

पुनरावेदक प्रतिवादी कृष्णकुमारी बोगटीले मैले २०३७ सालमा सूर्यबहादुर बस्नेतबाट बकसपत्रबाट प्राप्त गरेको जग्गा मेरो निजी आर्जनको सम्पत्ति भएकोमा सो जग्गासमेत बन्डा लाग्ने ठहर गरेको उच्च अदालतको फैसला नमिलेको भनी लिएको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, प्रतिवादी कृष्णकुमारीले बकसपत्रबाट प्राप्त गरेको सम्पत्ति निजको समान पुस्ताका अंशियारहरूका बिचमा अंशबन्डा नलाग्ने निजको निजी आर्जनको सम्पत्ति मानिने कानूनी व्यवस्थाअनुसार यी पुनरावेदक कृष्णकुमारीका देवर नाताका गोविन्दबहादुर बोगटीले यी प्रतिवादीसमेतका उपर दिएको अंश मुद्दामा निजले बकसपत्र पाएको सम्पत्ति निजी आर्जनको ठहर भए तापनि निज कृष्णकुमारी र निजका छोराहरूका लागि उक्त सम्पत्ति एकासगोलकै बन्डा लाग्ने सम्पत्ति मान्नुपर्ने ।

अतः वादी अर्जुनकुमार बोगटीले प्रतिवादीहरूबाट ५ भागको १ भाग अंश पाउने ठहर गरेको सुरू मोरङ जिल्ला अदालतको मिति २०७१।१२।१८ को फैसला सदर गर्ने गरेको उच्च अदालत विराटनगरको मिति २०७४।२।९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७७ साल मङ्सिर १४ गते रोज १ शुभम् ।**

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७४-CI-०७७२, हालैको बकसपत्र लिखत बदर दर्ता बदर दर्ता कायम, कृष्णकुमारी बोगटी वि. अर्जुनबहादुर बोगटी
- ०७४-CI-०८४५, हालैको बकसपत्र लिखत बदर दर्ता बदर दर्ता कायम, कृष्णकुमारी बोगटी वि. अर्जुनबहादुर बोगटी
- ०७४-CI-०७७५, हालैको बकसपत्र लिखत बदर दर्ता बदर दर्ता कायम, कृष्णकुमारी बोगटी वि. रमेशकुमार बोगटी
- ०७४-CI-०७७४, हालैको बकसपत्र लिखत बदर दर्ता बदर दर्ता कायम, कृष्णकुमारी बोगटी वि. रमेशकुमार बोगटी

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-CR-१२९५, सम्बन्ध विच्छेद, अजय निरौलासमेत वि. रिना पोखरेल निरौला*

मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. तथा स्त्री अंशधनको महलको ४ र ५ नं. मा भएको कानूनी व्यवस्थाबमोजिम समान पुस्ताका अंशियारहरूका बिचमा अंशबन्डा गर्दा आफ्नो निजी आर्जन, दाइजो, पेवाको सम्पत्ति आफूखुस गर्न र बन्डा गर्न कर नलाग्ने भए तापनि आफ्नो बाबुआमाले जुनसुकै स्रोतबाट आर्जन गरेको निजी सम्पत्ति रहे पनि त्यस्तो सम्पत्ति निजका पत्नी, छोराछोरीको हकमा पैतृक सम्पत्ति हुन जाने र सो सम्पत्ति छोराछोरीहरूमा बन्डा लाग्न सक्ने नै हुन्छ । आफ्ना छोराछोरीलाई अंश दिनुपर्ने अवस्थामा मुलुकी ऐन, स्त्री अंशधनको ४ र ५ नं. तथा अंशबन्डाको १८ नं. को बमोजिमको आफ्नो निजी आर्जनको कसैलाई अंशबन्डा गर्नु नपर्ने सम्पत्ति भनी दाबी गर्न मिल्ने नदेखिने।

प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी मन्जु निरौलाको नाउँमा दर्ता रहेको सुनसरी जिल्ला धरान न. पा. वडा नं. ३ कि. नं. १४८ को जग्गा र सोमा बनेको घर, ऐ. इटहरी न. पा. वडा नं. २(झ) कि. नं. ४४२ को जग्गासमेतमा प्रत्यर्थी वादीका लोग्ने अजय निरौलाको अंशभाग लागी निजको अंश भागमा पर्ने सम्पत्तिबाट यी प्रत्यर्थी वादीले आफ्नो अंश भाग पाउने नै देखिन्छ । त्यसैले अंशबन्डासम्बन्धी प्रचलित कानूनी व्यवस्थाको आधारमा पुनरावेदक प्रतिवादीको नाउँ दर्ताको उल्लिखित जग्गासमेत बन्डा लाग्ने गरी सुरू सुनसरी जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी भएको उच्च अदालत विराटनगरको फैसला अन्यथा नभई मनासिब नै देखिने।

अतः वादी प्रतिवादीबाट पेस भएको तायदाती फाँटवारीमा उल्लिखित सम्पूर्ण घर जग्गालगायतका सम्पत्तिलाई नरम गरम मिलाई ५ भाग गरी छुट्याई सो ५ भागमध्ये १ भाग यी प्रत्यर्थी वादीका पतिको अंश भागलाई पुनः ४ भाग गरी नाबालकहरूको विवाह खर्च परसारी सो ४ भागको १ भाग अंश वादीले छुट्याई लिन पाउने गरी सुरू सुनसरी जिल्ला अदालतले मिति २०७३।१।२८ मा गरेको फैसलालाई सदर गरेको उच्च अदालत विराटनगरको मिति २०७४।१।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल मङ्सिर १४ गते रोज १ शुभम्।**

- यसै लगाउको ०७४-CI-०९१६, माना चामल, मञ्जु निरौलासमेत वि. रिना पोख्रेल निरौला भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं.२

८

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CR-१५०६, १२४८, १६७१, १६७२, ०७५-CR-१८२६, मानव बेचबिखन तथा ओसार पसार, फ्युजन थापा वि.

नेपाल सरकार, मोइमेन्दो तामाङ वि. नेपाल सरकार, शोभा तमाङ वि. नेपाल सरकार, सोनाम लामा वि. नेपाल सरकार, नेपाल सरकार वि. मोइमेन्दो तामाङसमेत

चारै जना प्रतिवादीहरूले मौकामा बयान गर्दा पूर्वयोजनाअनुसार पीडित केटीहरूलाई किन्ने बेच्ने उद्देश्यले प्रतिवादीहरू काठमाडौंमा आई रू. १,००,०००।- (एक लाख रूपैयाँ) मा निज पीडितहरूलाई खरिद बिक्री गरेको हो भनी सुरूदेखि अन्तसम्मको सम्पूर्ण घटनाहरूको क्रमबद्ध रूपले वर्णन गर्दै मानिस खरिद बिक्री गरेको भनी वादीले लगाएको अभियोगमा पूर्णरूपले आफू साबित भई अन्य प्रतिवादीहरूलाई परस्परमा पोली बयान गरेको देखिने।

चारै जना प्रतिवादीहरूले अदालतसमक्ष पीडित भनिएका बालाजु (ञ) र (ट) लाई खरिद बिक्री गरेको तथा मानव ओसारपसार गरेको होइन भनी आरोपित कसुरमा इन्कार रही बयान गरेका छन्। तर निज प्रतिवादीहरू आरोपित कसुरमा इन्कार रहे तापनि प्रतिवादी सोनाम लामाले अदालतसमक्षको बयानमा समेत मोइमेन्दो तामाङले साना केटीहरू भए म भएको ठाउँमा ल्याइदिनु, उनीहरूको राम्रो खाने लाउने व्यवस्था गरिदिन्छु भनेकोले श्रीमती शोभाले उनीहरूलाई नै जिम्मा लगाइदिन्छु भनी ल्याएकी रहिछन्। राम्रोसँग हेरचाह गर्नु भनी हामीले उनीहरूलाई जिम्मा लगाइदिएका हौं। मेरो श्रीमतीबाट बरामद भएको रू. १,००,०००।- (एक लाख रूपैयाँ) मोइमेन्दो तामाङले आफ्नो माइतीलाई दिनु भनी दिएको रकम हो भनी पीडित बच्चीहरू बालाजु (ञ) र (ट) लाई निजहरूको अभिभावक तथा परिवारको कुनै सदस्यहरूको जानकारीबिना नै आफ्नो श्रीमती शोभा तामाङले नुवाकोटबाट काठमाडौं लिएर आएको, निजहरू दुवै जनाले ती पीडित बच्चीहरूलाई सहप्रतिवादीहरू फ्युजन थापा र मोइमेन्दो तामाङलाई जिम्मा लगाएको तथा आफ्नो श्रीमती प्रतिवादी शोभा तामाङबाट रू. १,००,०००।- (एक लाख रूपैयाँ) समेत बरामद गरेको र पीडित बच्चीहरूका साथै चारै जना प्रतिवादीहरूलाई पक्राउ गरेको तथ्यहरू स्वीकार गरेका।

प्रतिवादीहरू शोभा तामाङ र सोनाम लामा श्रीमान् श्रीमती भएको र निजहरूसमेत आपसमा सल्लाह गरी वर्ष १०।११ का अवोध बालिकाहरू पीडित बालाजु (ञ) र (ट) लाई राम्रो काम दिलाइदिन्छु भनी ललाई फकाई निजहरूको अभिभावक तथा परिवारको कुनै सदस्यको मन्जुरी तथा जानकारीबिना निजहरूलाई नुवाकोटबाट काठमाडौं ल्याएको र पीडित बच्चीहरूसहित चारै जना प्रतिवादीहरू एकसाथ सँगै काठमाडौं बालाजु स्थित माछापोखरीबाट प्रहरीले पक्राउ गरी बालिकाहरूको उद्धार गरेको र प्रतिवादी शोभा तामाङबाट रू.१,००,०००।- (एक लाख रूपैयाँ) तथा बसको टिकट, सिमकार्डसमेत बरामद गरेको कुरामा विवाद देखिँदैन। यसैगरी प्रतिवादीहरू मोइमेन्दो तामाङ र फ्युजन थापा श्रीमान् श्रीमती भएको, निजहरू भारत कलकत्ताबाट काठमाडौं आएको तथ्यमा समेत विवाद नरहेको।

पीडित बालाजु (ञ) र (ट) ले मौकाको बयानमा प्रतिवादी शोभा तामाङले आफूहरूलाई राम्रो काम दिन्छु भनी ललाई फकाई नुवाकोटबाट

काठमाडौं ल्याएपछि प्रतिवादी सोनाम लामासमेतले रू.१,००,०००।- (एक लाख रूपैयाँ) मा आफूहरूलाई प्रतिवादीहरू फ्युजन थापा र मोइमेन्दो तामाङलाई बिक्री गरेको भनी किटानीसाथ सम्पूर्ण घटनाहरूलाई क्रमबद्ध रूपमा बयान गरेको र निजहरूको उक्त बयान काठमाडौं जिल्ला अदालतबाट मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६(२) बमोजिम प्रमाणितसमेत भएको छ । त्यसरी पीडितहरूको बयान प्रमाणित गरिएकोमा त्यस्तो पीडित मुद्दाको कारबाहीको सिलसिलामा अदालतमा उपस्थित नभए पनि त्यसरी प्रमाणित गरिएको बयान अदालतले प्रमाणमा लिन सक्ने छ भन्ने व्यवस्था गरिएको छ। यसरी पीडितको बयान ऐ. ऐन दफा ६(२) बमोजिम जिल्ला अदालतको न्यायाधीशबाट प्रमाणित भएको अवस्थामा निज पीडितहरू अदालतसमक्ष उपस्थित नभएको अवस्थामा पनि निजहरूको बयान प्रमाणमा लिन मिल्ने व्यवस्था ऐ. ऐन दफा ६(३) ले गरेकोमा प्रस्तुत मुद्दामा पीडितहरूको बयान अदालतबाट प्रमाणित हुनुको साथै निजहरूले अदालतसमक्ष उपस्थित भई उक्त बयानको बेहोरालाई समर्थन गरी बकपत्रसमेत गरेबाट निजहरूले प्रमाणित बयानमा व्यक्त गरेका कुराहरूलाई प्रमाणमा ग्रहण गर्न मिल्ने नै देखियो। यसैगरी प्रमाण ऐन, २०३१ को दफा १०(१) ले पनि कुनै काम घटना वा अवस्था सम्बन्धमा सो काम घटना वा अवस्थाबाट पीडित भएको व्यक्तिले मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ भनी व्यवस्था गरेको छ भने ऐ. ऐनको दफा ३७ ले पनि प्रत्यक्ष रूपमा देख्ने, सुन्ने वा थाहा पाउने व्यक्तिले साक्षीको रूपमा अदालतसमक्ष बकपत्र गरेको कुरालाई प्रत्यक्ष प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने व्यवस्था गरेको।

मानव बेचबिखन, जबरजस्ती करणी जस्ता मुद्दाहरूमा पीडित व्यक्तिहरू नै सो घटनाको प्रत्यक्ष साक्षी हुने भएकोले निजहरूले व्यक्त गरेको कुरालाई प्रमाणमा ग्रहण गर्न मिल्ने हुँदा पीडितहरूको बयानको आधारमा कसुरदार ठहर्‍याएको फैसला त्रुटिपूर्ण छ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर कानूनसङ्गत नदेखिने।

प्रतिवादीहरू चारै जनाले अधिकारप्राप्त अधिकारीसमक्ष पीडित बालाजु (ञ) र (ट) लाई रू.१,००,०००।- मा काठमाडौंमा खरिद बिक्री गरेको र पीडितहरूलाई भारतमा लग्नको लागि खरिद बिक्री गरेको हो भनी गरेको साबिती बयानलाई पीडितहरूको अदालतबाट प्रमाणित बयान र बकपत्र, खानतलासी तथा बरामदी मुचुल्का, जाहेरी दरखास्त तथा जाहेरवालाको बकपत्र, प्रतिवादी शोभा तामाङले पीडितहरूलाई नुवाकोटबाट ल्याई साङ्ला स्थित फुपूको कोठामा राखेको भनी कोठा धनी सिरमेन्दो तामाङले गरेको मौकाको कागज र मौकामा कागज गर्ने ओमप्रकाश अधिकारीले प्रतिवादी सोनाम लामाले आफ्नो होटलमा आई कोठा बुक गरेको हो भनी अदालतमा आई गरेको बकपत्रसमेतले पुष्टि गरेको देखिँदा निजहरूको उक्त साबिती बयानलाई प्रमाणमा लिन मिल्ने।

प्रतिवादीहरूबिच केटीहरू खरिद बिक्री ओसारपसार गर्ने मनसाय राखी पूर्वसल्लाह तथा योजना बनाएको, सो योजनाअनुसार नेपालमा

रहेका प्रतिवादीहरू शोभा तामाङ र सोनाम लामाले केटीहरू खोजी गर्ने क्रममा अवोध नाबालिका पीडितहरू बालाजु (ञ) र (ट) लाई राम्रो काममा लगाइदिन्छु भनी ललाई फकाई गरी निजहरूको अभिभावक तथा परिवारलाई कुनै जानकारी नदिई नुवाकोटबाट मिति २०६८।१२।१० मा काठमाडौं ल्याई मिति २०६८।१२।१३ मा प्रतिवादीहरू सोनाम लामा र शोभा तामाङले रू.१,००,०००।- (एक लाख रूपैयाँ) मा प्रतिवादीहरू फ्युजन थापा र मोइमेन्दो तामाङलाई बिक्री गरी वादीले लगाएको अभियोग दाबीअनुसार मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०३४ को दफा ३ र ४(१)(क) बमोजिम कसुर गरेको पुष्टि हुन आउने।

चारै जना पुनरावेदक प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेको छैन भनी आरोपित कसुरमा इन्कार रही बयान गरे तापनि उक्त दफा ९ अनुसार ठोस सबुत प्रमाणहरू पेस गरी आफ्नो निर्दोषिता प्रमाणित गर्न सकेको पाइँदैन। यसरी प्रतिवादीहरूले आफ्नो निर्दोषिता प्रमाणित गर्न नसकेको र मिसिल संलग्न सबुत प्रमाणहरूबाट निजहरूउपरको अभियोग प्रमाणित भइराखेको अवस्थामा प्रहरीसमक्षको मौकाको बयान आफ्नो इच्छाअनुसार गरेको होइन भनी लिएको जिकिरको आधारमा मात्र निजहरू निर्दोष रहेछन् भनी मान्न र सफाइ दिन फौजदारी न्यायको सिद्धान्तसमेतले नमिल्ने।

प्रतिवादीहरूबिच केटीहरू खरिद बिक्री गर्ने पूर्वसल्लाह तथा योजनाअनुसार केटीहरू किन्ने उद्देश्यले प्रतिवादीहरू मोइमेन्दो तामाङ र फ्युजन थापा भारतबाट काठमाडौं आएको, प्रतिवादीहरू सोनाम लामा र शोभा तामाङले यी पीडित बालिका बालाजु (ञ) र (ट) लाई प्रतिवादीहरू मोइमेन्दो तामाङ र फ्युजन थापालाई बिक्री गर्ने उद्देश्यले निज बालिकाहरूलाई राम्रो काम दिलाइदिने भनी ललाई फकाई गरी निजहरूको परिवारको कुनै पनि सदस्यलाई जानकारी नदिई काठमाडौं स्थित माछापोखरीमा ल्याई रू.१,००,०००।- (एक लाख रूपैयाँ) मा खरिद बिक्री गरेको प्रमाणित हुन आएबाट यी चारै जना प्रतिवादीहरू मोइमेन्दो तामाङ, फ्युजन थापा, सोनाम लामा र शोभा तामाङसमेतले वादीले लगाएको अभियोगबमोजिम मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) र ४(१)(क) को कसुर गरेको पुष्टि भएको।

प्रतिवादीहरूले पीडित बालाजु (ञ) र (ट) लाई खरिद बिक्री गर्ने कार्य नै सम्पन्न गरिसकेको हुँदा निज प्रतिवादीहरूले पीडितहरूलाई बेचबिखन गर्ने उद्देश्यले नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँ काठमाडौंसम्म पुऱ्याई ऐ. ऐनको दफा ४(२)ख को कसुर गरेको भनी ऐ. ऐनको दफा १५(१)(ङ) को देहाय (२) बमोजिम जनही १० वर्ष कैद र जनही रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना र पीडितहरूले प्रतिवादीहरूबाट रू.१,००,०००।- (एक लाख रूपैयाँ) का दरले क्षतिपूर्ति भराई पाउने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७२।६।५ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीहरू शोभा तामाङ, सोनाम लामा, मोइमेन्दो तामाङ र फ्युजन थापालाई अभियोग मागदाबीबमोजिम मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण)

ऐन, २०६४ को दफा १५(१)(क) बमोजिम जनही २० (बिस) वर्ष कैद र जनही रू.२,००,०००।- (दुई लाख) जरिवाना हुने साथै सोही ऐनको दफा १७ बमोजिम यी प्रतिवादीहरूबाट रू.१,००,०००।- (एक लाख) का दरले पीडितले क्षतिपूर्तिबापतको रकम भराई पाउने र यी प्रतिवादीहरूले नैतिक पतन देखिने फौजदारी कसुर गरेको देखिने ठहर गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७१।१।१४ को फैसला सदर हुने।

इजलास अधिकृत : मञ्जु शर्मा

कम्प्युटर : हर्क माया राई

**इति संवत् २०७६ साल मङ्सिर ३० गते रोज २ शुभम्।**

**९**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-CR-१८२६, राज्य विरूद्धको अपराध, नेपाल सरकार वि. चन्द्रेश्वर महतोसमेत*

प्रतिवादीहरूबाट मधेस स्वराज डा. सि.के.राउत लेखिएको किताब, स्वतन्त्र मधेस गठबन्धन (AIM) का घोषणापत्र ल्यापटपसमेत बरामद भएको र उक्त घोषणा पत्रानुसारका प्रचार प्रसार तथा कोणसभा गर्न लागेको अवस्थामा केही प्रतिवादीहरू पक्राउ परेको देखिए पनि सबै प्रतिवादीहरूले राज्य विरूद्धको कसुर हुने कुनै कार्य गरेको छैन भनी आरोपित कसुरमा इन्कार रही अदालतसमक्ष बयान गरेको पाइन्छ। प्रतिवादीहरूले अदालतसमक्ष गरेको बयान, घटना विवरण कागज तथा बरामदी मुचुल्कासमेतबाट प्रतिवादीहरूले मधेस तथा मधेसी समुदायको सामाजिक, आर्थिक, सांस्कृतिकलगायतका पक्षको उत्थान गर्ने उद्देश्यले जनचेतना अभियान अन्तरक्रिया छलफल कार्यक्रम सञ्चालन गरेको भन्ने देखिन्छ । साथै उक्त बरामद भएका मिसिल संलग्न कागजातसमेतबाट प्रतिवादीहरूले बिनाहतियार अहिंसात्मक गतिविधिमार्फत नै मधेशी समुदायको सामाजिक, आर्थिक, सांस्कृतिकलगायतका पक्षको उत्थान गर्ने उद्देश्य राखेकोसमेत पाइयो । प्रतिवादीहरूले जनतालाई डर, त्रासमा पारी, बल प्रयोग गरी, अशान्ति मच्याएको, हुलदङ्गा गरी शान्ति र व्यवस्थामा खलल पुऱ्याई अव्यवस्था उत्पन्न गरेको तथा हातहतियार उठाएको वा हिंसात्मक गतिविधि गरेको भन्ने तथ्य मिसिल संलग्न कुनै कागजातबाट पुष्टि हुन सकेको देखिँदैन । प्रतिवादीबाट कुनै हातहतियार, आपत्तिजनक तथा संवेदनशील विष्फोटक पदार्थ, प्रज्ज्वलनशील कुनै पदार्थ बरामद भएको अवस्थासमेत छैन। यस अवस्थामा प्रतिवादीउपर राज्य विरूद्धको कसुर गरेको भनी वादीले दाबी लिनु मात्र पर्याप्त हुँदैन, सो दाबी वस्तुनिष्ठ प्रमाणद्वारा शंकारहित तवरबाट प्रमाणित गर्ने भार पनि वादीमा नै रहने हुन्छ । प्रतिवादीउपरको अभियोग दाबी वादीले शंकारहित तवरबाट पुष्टि गर्न नसकेको अवस्थामा शंकाको सुविधा प्रतिवादीले प्राप्त गर्दछ भन्ने फौजदारी न्यायको सिद्धान्तसमेत रहेको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा वादीले प्रतिवादीहरूउपरको आफ्नो अभियोग दाबी ठोस सबुद प्रमाणहरू पेस गरी शंकारहित तवरले प्रमाणित गर्न सकेको नदेखिँदा प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी विशेष अदालतबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको विशेष अदालतको मिति २०७४।११।३ को फैसला मिलेको देखिँदा सदर हुने। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : भगवती शर्मा ढुंगाना

कम्प्युटर : हर्कमाया राई

**इति संवत् २०७७ साल असार ३ गते रोज ४ शुभम्।**

**१०**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-CR-१८२७, राज्य विरूद्धको अपराध, नेपाल सरकार वि. श्यामसुन्दर मण्डलसमेत*

प्रतिवादीहरूबाट मधेश स्वराज डा. सि.के. राउत लेखिएको किताब, स्वतन्त्र मधेश गठबन्धन (AIM) का घोषणापत्रलगायतका विभिन्न दस्ताबेज कागज, पेनड्राइभ, मोबाइल र साउन्ड बक्ससमेत बरामद भएको र उक्त घोषणा पत्रानुसारका प्रचार प्रसार तथा कोणसभा गर्न लागेको अवस्थामा केही प्रतिवादीहरू पक्राउ परेको देखिए पनि सबै प्रतिवादीहरूले राज्य विरूद्धको कसुर हुने कुनै कार्य गरेको छैन भनी आरोपित कसुरमा इन्कार रही अदालतसमक्ष बयान गरेको पाइन्छ। प्रतिवादीहरूले अदालतसमक्ष गरेको बयान, घटना विवरण कागज तथा बरामदी मुचुल्कासमेतबाट प्रतिवादीहरूले मधेस तथा मधेसी समुदायको सामाजिक, आर्थिक, सांस्कृतिकलगायतका पक्षको उत्थान गर्ने उद्देश्यले जनचेतना अभियान अन्तरक्रिया छलफल कार्यक्रम सञ्चालन गरेको भन्ने देखिन्छ । साथै उक्त बरामद भएका मिसिल संलग्न कागजातसमेतबाट प्रतिवादीहरूले विना हतियार अहिंसात्मक गतिविधिमार्फत नै मधेसी समुदायको सामाजिक, आर्थिक, सांस्कृतिकलगायतका पक्षको उत्थान गर्ने उद्देश्य राखेकोसमेत पाइयो । प्रतिवादीहरूले जनतालाई डर त्रासमा पारी, बल प्रयोग गरी, अशान्ति मच्याएको, हुलदंगा गरी शान्ति र व्यवस्थामा खलल पुर्‍याई अव्यवस्था उत्पन्न गरेको तथा हातहतियार उठाएको वा हिंसात्मक गतिविधि गरेको भन्ने तथ्य मिसिल संलग्न कुनै कागजातबाट पनि पुष्टि भएको देखिँदैन । प्रतिवादीबाट कुनै हातहतियार तथा संवेदनशील विष्फोटक पदार्थ, प्रज्ज्वलनशील कुनै पदार्थ बरामद भएको अवस्थासमेत छैन। यस अवस्थामा वादीले प्रतिवादीउपर राज्य विरूद्धको कसुर गरेको भनी अभियोग दाबी लिनु मात्र पर्याप्त हुँदैन । सो अभियोग दाबी वस्तुनिष्ठ प्रमाणद्वारा शंकारहित तवरबाट प्रमाणित गर्ने भार पनि वादीमा नै रहने हुन्छ । यदि प्रतिवादीउपरको अभियोग दाबी वादीले शंकारहित तवरबाट पुष्टि गर्न नसकेको अवस्थामा शंकाको सुविधा प्रतिवादीले प्राप्त गर्दछ भन्ने फौजदारी न्यायको सिद्धान्तसमेत रहेको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा वादीले प्रतिवादीहरू उपरको आफ्नो अभियोग दाबी ठोस सबुद प्रमाणहरू पेस गरी शंकारहित तवरले प्रमाणित गर्न सकेको नदेखिँदा प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी विशेष अदालतबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

विद्वान् सहन्यायाधिवक्ताले बहसको क्रममा नेपाल सरकार र तत्कालीन स्वतन्त्र मधेस गठबन्धनबिच मिति २०७५।११।२४ मा भएको ११ बुँदे सहमतिमध्ये बुँदा नं.५ को कार्यान्वयनका लागि

महान्यायाधिवक्ताको कार्यालयलाई लेखी पठाएको नेपाल सरकार, गृह मन्त्रालयको च.नं.८२६ मिति २०७६।१२।१० को पत्रसमेत इजलाससमक्ष पेस गर्नुभएको र सहमती अध्ययन गर्दा सहमतीको बुँदा नं.५ मा "स्वतन्त्र मधेस गठबन्धनका नेता तथा कार्यकर्ताहरू माथि लगाइएको राज्य विरूद्धका अपराधलगायत सम्पूर्ण मुद्दाहरू फिर्ता लिइनेछ र हिरासन वा कारागरा रहेका सम्पूर्ण नेता तथा कार्यकर्ताहरूलाई नि:सर्त रिहा गरिने छ" भन्ने उल्लेख भएकोसमेत देखिने।

प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिनेगरी भएको विशेष अदालतको मिति २०७४।११।३ को फैसला मिलेको देखिँदा सदर हुने। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: भगवती शर्मा ढुंगाना

कम्प्युटर : हर्क माया राई

**इति संवत् २०७७ साल असार ३ गते रोज ४ शुभम्।**

## इजलास नं.३

### ११

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CR-०८२३, मानव बेचबिखन तथा ओसारपसार, दलबहादुर थापा वि. नेपाल सरकार*

मतदाता नामावलीमा निज प्रतिवादी (दलबहादुर थापा) को बाबुको नाम र आफूले आफ्नो भाइ भनी स्वीकार गरेको "रामकृष्ण थापा" को बाबुको नाम "होमबहादुर" रहेको, "होमबहादुर थापा" आफ्नो बाबु रहेको कुरामा निजले उच्च अदालतमा कागज गर्दा स्वीकार गरेको, निज प्रतिवादी दलबहादुर थापा र भाइ "रामकृष्ण थापा" को ठेगानासमेत एउटै रहेको, अदालतको म्याद भाइ रामकृष्ण थापाले बुझेको र रामकृष्ण थापा आफ्नै माइलो भाइ भएको तथ्यमा निज प्रतिवादीको स्वीकारोक्ति रहेको देखिएबाट यी सम्पूर्ण प्रमाणहरूबाट रामशरण थापा र दलबहादुर थापा एकै व्यक्ति हुन् भन्ने तथ्य स्थापित भई मानव बेचबिखनको कसुर गर्ने व्यक्ति यिनै दलबहादुर भन्ने रामशरण थापा हुन् भन्ने कुरा पुष्टि हुन आएको।

तसर्थ, प्रतिवादी दलबहादुर थापा भन्ने रामशरण थापासमेतले जाहेरवालाको श्रीमती सिर्सानी तामाङलाई फकाएर भारतको बम्बईमा लगी बिक्री गरी अभियोग दाबीबमोजिमको कसुर गरेको भन्ने तथ्य पुष्टि हुन आएको हुँदा निज प्रतिवादी दलबहादुर थापा भन्ने रामशरण थापालाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) बमोजिम २० (बिस) वर्ष कैद र रू.२,००,०००।– (दुई लाख) जरिवाना हुने र सोही ऐनको दफा १७ बमोजिम पीडितले प्रतिवादीबाट रू.१,००,०००।– (एक लाख) क्षतिपूर्ति भराई लिन पाउने ठहऱ्याई भएको सुरू नुवाकोट जिल्ला अदालतको मिति २०७२।०८।१५ को फैसलालाई सदर गर्ने गरी उच्च अदालतबाट मिति २०७४।०५।०६ मा भएको फैसला मनासिब नै देखिँदा सदर हुने। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: नवीनकुमार यादव

**इति संवत् २०७७ साल आश्विन ७ गते रोज ४ शुभम्।**

१२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी,** ०७५-CR-१८१०, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. धावा योञ्जन

जाहेरवाला जाहेरी बेहोरा प्रमाणित गर्न बकपत्रका लागि न्यायाधिकरणसमक्ष उपस्थित नभए पनि अन्य प्रमाणले जाहेरी बेहोरा प्रमाणित गर्न सकिने अवस्थाको विद्यमानता हुन सक्छ । तर प्रस्तुत विवादमा सो भएको अवस्थासमेत देखिँदैन । प्रतिवादीले मिति २०७३/०४/२८ मा गरिदिएको लिखत हेर्दा जाहेरवालालाई अफगानिस्तान पठाउन रू.३,००,०००।- लिएकोमा पठाउन नसकेकाले रकम फिर्ता गर्छु भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ । तर प्रतिवादीले न्यायाधिकरण र अनुसन्धानको क्रममा समेत बयान गर्दा जाहेरवालालाई वैदेशिक रोजगारमा अफगानिस्तान पठाउन रकम लिएको होइन । घरायसी लेनदेनको लागि रू.३,००,०००।- लिएको हो र रू.२,८०,०००।- फिर्ता गरिदिएको छु, जबरजस्ती वैदेशिक रोजगारको लिखत गरिएको भन्ने बेहोरा लेखाएको देखिन्छ । यसरी लिखतमा वैदेशिक रोजगार प्रयोजन उल्लेख भए पनि प्रतिवादीले सो लिखत लेनदेनको हो वैदेशिक रोजगार होइन भनी बयान गरेको देखिन्छ । वादी पक्षले सो लिखत वैदेशिक रोजगारकै लागि रकम लिनुदिनु भई खडा भएको हो भन्ने कुनै स्वतन्त्र प्रमाण पेस गर्न सकेको देखिँदैन । प्रतिवादीका साक्षी धनविर योञ्जनले यस न्यायाधिकरणसमक्ष बकपत्र गर्दा यी प्रतिवादी मेरो सँगै पढेको सानैदेखिको साथी हो । निज राम्रो आचरणका व्यक्ति हुन् । निजले वैदेशिक रोजगारमा पठाउने काम गर्दैनन्, निर्दोष हुन् । जबरजस्ती कागज गराई वैदेशिक रोजगारको कसुर लगाएको हो । निजले अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भनी प्रतिवादीको इन्कारी पुष्टि हुने गरी बकपत्र गरेको देखिन्छ । प्रतिवादी र प्रतिवादीका साक्षीको भनाइ खण्डन गर्ने प्रमाण वादी पक्षले गुजार्न सकेको देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्दामा दाबी पुष्टि गर्ने प्रमाणको भार वादीमा निहित हुन्छ र फौजदारी मुद्दामा अभियुक्तलाई लगाएको अभियोग शंकारहित तवरले पुष्टि भएको हुनुपर्दछ । यस मुद्दामा वादी पक्षले कुनै सबुद पेस गर्न सकेको देखिँदैन । तसर्थ, प्रतिवादी धावा योञ्जनउपरको कसुर पुष्टि हुने वस्तुनिष्ठ प्रमाण वादी पक्षबाट दाखिल हुन आएको नदेखिँदा प्रतिवादीउपरको अभियोग दाबी पुग्न नसकी निजले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५/०३/०४ मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने ।

अतः प्रतिवादीले अभियोग मागदाबीबमोजिमको कसुर गरेको नदेखिएकोले प्रतिवादीले आरोपित कसुरमा सफाइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५/०३/०४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर : चन्दनकुमार मण्डल

**इति संवत् २०७७ साल कार्तिक १९ गते रोज ४ शुभम् ।**

## इजलास नं.४

१३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-CR-१७०८, मानव बेचबिखन तथा ओसार पसार, बेलबहादुर वि.क. वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले मिति २०७३।३।१ मा परिचय भएकी पीडिता प्युठान ५२ ग लाई र अर्का पीडिता प्युठान ५२ घ समेतलाई मिति २०७३।३।१० गतेका राति कृष्णनगर हुँदै भारततर्फ लान लागेको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट देखिने।

अनुसन्धानमा र अदालतबाट तत्काल प्रमाणित गरिएको पीडिताको बयानमा पनि प्रतिवादी अघिअघि बोर्डर पार गरी बसेको पछिपछि पीडिताहरू गएको र रातको १० बजेको समयमा सीमा पार गर्न लागेको तथ्य घटना रहेको देखिने।

छोटो चिनजान भएका पीडिताहरूलाई भारततर्फ लाने कार्य रातको १० बजेको समयमा गर्नु स्वाभााविक घटना होइन । पीडिताहरूको श्रीमान् विदेश साउदीतर्फ रोजगारीका लागि गएको भन्ने खुल्न आएको छ। पीडिताहरूलाई निजहरूका अन्य अभिभावकसँग शोधपुछ गरी सहमति लिई रोजगारीका लागि लगेको भन्ने नदेखिने।

पीडिता महिलाहरूलाई भारतको बोर्डर सिमानासम्म लगिसकेको देखिन्छ । रातको १० बजेको समयमा प्रतिवादी भारतमा गई बसेको र पीडितलाई पछिपछि आउनु भनी आफू अगाडि गएका छन्। भारतको बोर्डर सीमा नाकामा रातको १० बजे पुगेपछि पीडितहरूलाई नेपाल प्रहरी र के.आई संस्थाका कर्मचारीले सोधपुछ गर्दा प्रतिवादीले विदेश लैजान लागेको तथ्य खुलेको र प्रहरी र के.आई संस्थाका कर्मचारीले सम्झाई बुझाई गरेपछि त्यहाँबाट यी पीडितहरू घर फिर्ता भएको देखिने।

यसै सन्दर्भमा यस अदालतबाट ने.का.प. २०७२, अङ्क २, नि.नं.९३४६, मानव बेचबिखन मुद्दामा "**मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ४(२) को खण्ड (ख) बमोजिम कसुर हुनको लागि कुनै पनि व्यक्तिको बेचबिखन एवम् ओसारपसारको कार्य सम्पन्न हुनै पर्ने भन्ने देखिँदैन । सो उद्देश्यको लागि त्यस्तो व्यक्तिलाई आफू बसिरहेको घर, स्थान तथा व्यक्तिबाट छुटाई नेपालभित्रको एक स्थानबाट अर्को स्थानमा लैजाने कार्य भइसकेको तर गन्तव्य स्थानमा पुर्‍याउन बाँकी रहेको अवस्थामा समेत सो कसुर भएको मानिने।**" भन्ने सिद्धान्त प्रतिपादन भएको पाइने।

प्रतिवादीले पीडितहरूलाई नेपालभित्र एक ठाउँबाट अर्को ठाउँमा पुर्‍याउने उद्देश्यले कार्य गरेको भन्ने मान्न मिल्ने अवस्था देखिँदैन । प्रतिवादीको नियत पीडितहरूलाई विदेश भारत नै लैजाने भन्ने रहेको देखिन्छ । पीडितहरूलाई राम्रो ठाउँमा रोजगार लगाउने उद्देश्यले भारततर्फ लाने कार्य गरेको भए पीडिताको अभिभावकहरूको अनुमति स्वीकृति लिई सहज रूपमा साथसाथै लान पर्ने कुरा स्वाभाविक हुन्थ्यो। पीडित प्युठान ५२ग लाई प्रतिवादीले विभिन्न प्रलोभनमा पारी

कपिलवस्तुको चन्द्रौटाको होटलमा शारीरिक सम्पर्क गरेको भनी निज पीडिताले बयानमा खुलाएको देखिन्छ । यसबाट पीडितालाई विदेश भारतमा के गर्ने उद्देश्यले प्रतिवादीले लान लागेका थिए भन्ने कुरा थप स्पष्ट हुने ।

केही दिन मात्र चिनजान परिचय भएको पीडितहरूलाई रातको समयमा भारतमा लग्न प्रलोभनमा पारिएको र प्रहरीले सोधे भारततर्फ औषधी गर्न जान लागेको भन्नु भनी सिकाइएका जस्ता क्रियाकलापहरूबाट तथा जुन तौरतरिका अपनाई प्रतिवादीले पीडिताहरूलाई विदेश भारतमा लान अन्तिम बिन्दुसम्म पुऱ्याइसकेको स्थिति छ र आफू एक्लै भारततर्फ गई कुरी बस्ने कार्य गरेका छन् सो कार्यहरूबाट पीडितहरूलाई विदेशमा लगी उक्त ऐनका दफा ४(२) (ख) को कसुर गर्ने नियत लिई प्रतिवादीले कार्य गरेको पुष्टि हुन आउँछ । सही रूपमा रोजगारको लागि भारतमा लाने उद्देश्य भए यस प्रकारको तयारीपूर्वक कुनै कार्य गर्न आवश्यक नै रहँदैन । वस्तुतः पुनरावेदक प्रतिवादीले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(छ) बमोजिम ७(सात) वर्ष कैदको सजाय हुने ठहर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला अन्यथा देखिन नआउने ।

तसर्थ, पुनरावेदक प्रतिवादीले पीडितहरूलाई ललाई फकाई प्रलोभनमा पारी निजहरूको आफ्नो घर स्थानबाट छुटाई नेपाल भारतको बोर्डर सीमा नाकासम्म अर्थात् विदेश भारत लैजाने अन्तिम बिन्दुमा सम्म पुऱ्याइसकेको देखिँदा सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७३।८।५ मा भएको फैसला केही उल्टी भई प्रतिवादी दिपेश भन्ने बेलबहादुर वि.क.लाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत सोही ऐनको दफा ४(२) (ख) को कसुरमा ऐ.ऐनको दफा १५(१)(छ) बमोजिम ७(सात) वर्ष कैदको सजाय हुने ठहऱ्याई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७४।१०।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः- सुशीलकुमार यादव
कम्प्युटरः राधिका घोरासाइने
**इति संवत् २०७७ साल असार १० गते रोज ४ शुभम् ।**

## इजलास नं.५

१४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CR-१५८५, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. दिपजनबहादुर कार्की

अदालतबाट स्वास्थ्य परीक्षण गर्ने डाक्टर र दिपसना कार्कीलाई जिल्ला सरकारी वकिल कार्यालयमार्फत बकपत्रको लागि उपस्थित गराउने आदेशानुसार घा जाँच गर्ने डा.ढकाकुमार श्रेष्ठले घाइतेको अवस्था तत्काल ज्यान जाने किसिमको नभई साधारण सिलाई मात्र गरी घर पठाउन मिल्ने किसिमको थियो भनी बकपत्र गरेको देखिन्छ भने घटनाको प्रत्यक्षदर्शी भनिएकी जाहेरवाली तथा प्रतिवादीको छोरी दिपसना कार्कीलाई बकपत्रको लागि उपस्थित गराउन अदालतबाट पटकपटक

आदेश भए तापनि वादी नेपाल सरकारको तर्फबाट निजलाई अदालतमा उपस्थित गराई बकपत्र गराउन सकेको नपाइने।

प्रतिवादीले जाहेरवालीलाई घाइते बनाई ज्यान मार्ने उद्योग गरेको हो, होइन ? भन्नेतर्फ विचार गर्दा, ज्यान मार्ने उद्योगको वारदात स्थापित हुनलाई मनसाय, योजना तथा तयारी र तेस्रो पक्षको हस्तक्षेपबाट घाइते पीडितको ज्यान बच्न गएको हुनुपर्ने हुन्छ । तर प्रस्तुत मुद्दामा ती कुनै पनि अवस्थाको विद्यमानता देखिँदैन । प्रतिवादी र जाहेरवालीबिच कुनै रिसइवी वा प्रतिवादीले जाहेरवालीको ज्यानै मार्नुपर्नेसम्मको रिसइवी पनि रहे भएको भन्ने नदेखिने।

प्रतिवादीउपरको अभियोग वादी पक्षबाट ठोस एवम् शंकारहित प्रमाणबाट पुष्टि गर्न नसकेको, घाउको प्रकृतिसमेतबाट ज्यान मार्ने मनसायले नै प्रतिवादीले जाहेरवालीलाई चक्कु प्रहार गरेको नदेखिएको, घा जाँच फाराममा Not fatal उल्लेख हुनुको साथै ज्यान मार्नेसम्मको रिसइवी रहेको पनि नदेखिएको घटनास्थलमा प्रतिवादी र जाहेरवाली दुई जना मात्र रहेको अवस्थामा पनि जाहेरवाली घाइते भएपछि प्रतिवादी आफैँ घाइतेलाई सोही अवस्थामा छाडी फर्केको भन्ने देखिने।

मौकामा बुझिएका खुमाकुमारी आलेले दिदीले फोन गरेर घटनाको बारेमा सुनाएपछि म दिदीकोमा गई निजलाई मोडल अस्पताल पुऱ्याएको भनी र जाहेरवाली स्वयंले मेरो एकछिन होस आएनछ होसमा आउँदा छोरी रोइरहेकी र म रक्ताम्य अवस्थामा रहिछु भनी र पीडितको घा जाँच गर्ने डा.ढकाकुमार श्रेष्ठले घाइतेको अवस्था तत्काल ज्यान जाने किसिमको नभई साधारण सिलाई मात्र गरी घर पठाउन मिल्ने किसिमको थियो भनी बकपत्र गरेकोसमेतका मिसिल संलग्न प्रमाणबाट प्रस्तुत मुद्दाको घटना ज्यान मार्ने उद्योगको नभई कुटपिटसम्मको वारदात रहेको भन्ने देखियो । त्यसकारण सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम प्रस्तुत मुद्दालाई कुटपिटमा परिणत हुने ठहऱ्याई उच्च अदालत पोखराबाट मिति २०७४।०३।११ मा भएको फैसला अन्यथा नदेखिई मनासिब नै देखिने।

तसर्थ, प्रतिवादी दिपजनबहादुर कार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. सजाय हुने ठहराई सुरू कास्की जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने र प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत हुने ठहऱ्याई भएको उच्च अदालत पोखराको मिति २०७४।०३।११ को फैसला मनासिब नै देखिँदा सदर हुने । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत:- मुकुन्द निरौला

कम्प्युटर :- मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल जेष्ठ ७ गते रोज ४ शुभम् ।**

**१५**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CR-११८३, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. सुनिल भण्डारीसमेत

स्वयं पीडित सुमन जि.सी.ले विकास के.सी. र मेरोबिच झगडा भई हानाहान हुँदा बाबुरामले विकासलाई र सुनिलले मलाई समाती

छुट्याएका, मलाई सुनिलले समाती रहेको बेला विकासले खुकुरीले मेरो टाउको, हात, ढाडलगायत शरीरका विभिन्न भागमा अन्धाधुन्दा प्रहार गरी घाइते बनाएकाले म भागेको भन्ने आफ्नो मौकाको भनाइलाई समर्थन हुने गरी बकपत्र गरेको पाइन्छ । त्यसैगरी घटनाको प्रत्यक्षदर्शी भनिएका बाबुराम के. एम.ले सुमन र विकासबिच हानाहान हुँदा मैले विकासलाई र सुनिल भण्डारीले सुमनलाई समाती छुट्यायौँ । विकासले मेरो हात झड्काएर फुत्काई खाटमाथिको र्‍याकमा रहेको खुकुरी लिई सुमन जि.सी.लाई अन्धाधुन्ध प्रहार गरेपछि सुमन रक्ताम्य भई भागेको भन्ने आफ्नो मौकाको घटना विवरण कागजको बेहोरालाई समर्थन हुने गरी नै बकपत्र गरिदिएको देखिने ।

अभियोग दाबीबमोजिमको ज्यान मार्ने उद्योगको अपराध स्थापित हुनको लागि प्रतिवादीबाट भएको कार्य दूषित मनसायले प्रेरित भई भएको हुनुपर्‍यो देखिनुपर्‍यो, मनसायलाई कार्यमा परिणत गर्न सोहीअनुसारको तयारी हुनुपर्‍यो र तत्पश्चात् आफूले गर्न खोजेको जुन कार्य हो त्यो सम्पन्न गरेको हुनुपर्‍यो वा देखिनुपर्‍यो । त्यो किसिमको अवस्था प्रस्तुत मिसिलमा विद्यमान रहेको पाइँदैन । त्यस्तै प्रतिवादीहरूको पीडितलाई मार्नेसम्मको रिसइवी पाइनुको सट्टा पीडित र विकास के.सी. बिच तत्काल झगडा हुँदा खुकुरी ल्याई प्रतिवादीले पीडितलाई सामान्य चोट छोडेको भन्ने देखिँदा निजको सो क्रियाकलाप आपराधिक मनसायबाट प्रेरित मै घटित भएको भन्न सकिने अवस्था रहेको नदेखिने ।

प्रतिवादीबाट भएको क्रियाकलापको गाम्भीर्यले निजको मनसाय पुष्टि हुन्छ कि त भन्नेतर्फ हेर्दा घाउ जाँच केस फारामबाट घा चोटको प्रकृति सामान्य रहेको, सामान्य उपचारपश्चात् ठिक हुन सक्ने किसिमको एवं मर्ने वा नमर्ने प्रकृतिमा No भनी उल्लेख भएको देखिन्छ । वारदातपछि पीडित आफैँ त्यहाँबाट भागी गएको भन्ने पीडितसमेतको मौकाको कागज बेहोरा एवं बकपत्र रहेकाले सो वारदातबाट पीडित मरणासन्न अवस्थामा पुगेको भन्ने देखिँदैन । साथै तेस्रो पक्षको हस्तक्षेपबाट घाइते पीडितको ज्यान बच्न गएको भन्ने पनि नदेखिएबाट प्रस्तुत वारदात ज्यान मार्ने उद्योगको नभई कुटपिटको घटना भएकोसम्म देखिने ।

अतः सुरू प्युठान जिल्ला अदालतबाट भएको फैसला त्रुटिपूर्ण देखिएकोले बदर भई प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने । मिसिल प्रमाणबाट प्रस्तुत मुद्दा दुनियाँवादी कुटपिट प्रकृतिको देखिँदा पीडितले सकारेमा यसै मिसिलबाट कारबाही किनारा हुने गरी प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणतसमेत हुने ठहर्छ भनी उच्च अदालत तुलसीपुरबाट मिति २०७४।०५।२७ मा भएको फैसला मनासिब नै देखिँदा अन्यथा भन्न नमिल्ने ।

तसर्थ, प्रतिवादीहरू सुमन भण्डारी र विकास के.सी. लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं.को कसुरमा सजाय हुने ठहराई सुरू प्युठान जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने र प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी

ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत हुने ठहऱ्याई उच्च अदालत तुलसीपुरबाट मिति २०७४।०५।२७ मा भएको फैसला मनासिब नै देखिँदा सदर हुने । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत:- मुकुन्द निरौला

कम्प्युटर : मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल जेठ ७ गते रोज ४ शुभम् ।**

## इजलास नं.६

१६

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री कुमार रेग्मी,** ०७०-WO-०५३०, उत्प्रेषणयुक्त परमादेश, किष्ट बैंक लिमिटेड, बबरमहल वि. नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत

निवेदक बैंकले आफ्नो शाखामध्ये काठमाडौं महानगरपालिकामा १४ वटा शाखा र ललितपुर उपमहानगरपालिकामा ३ वटा शाखा कार्यालय खोली बैंकिङ कारोबार गरेको कुरा आफ्नो निवेदन बेहोरामा उल्लेख गरेको देखिन्छ । यसरी विभिन्न शाखा कार्यालय खोली व्यावसायिक बैंकिङ कारोबार गरेको अवस्थामा त्यस्ता बैंकका शाखाहरूबाट समेत व्यवसाय कर असुल गर्ने गरी भएको विपक्षी नगरपरिषद्को निर्णय र विद्यमान स्थानीय कानूनसमेतका आधारमा कर निर्धारण गर्ने गरी भएका निर्णय तथा सोही विषयमा निवेदकले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा दिएको निवेदनउपर मन्त्रालयबाट मिति २०६९।०८।११ मा भएको सचिव स्तरीय निर्णय र सोको आधारमा मिति २०६९।०९।०८ मा निवेदक बैंकलाई लेखिएको पत्रलाई गैरकानूनी भन्न सकिने अवस्था नदेखिने ।

अतः स्थानीय निकायले व्यावसायिक लगानी तथा आर्थिक कारोबार गर्ने बैंक तथा वित्तीय संस्थाका प्रत्येक शाखाबाट कानूनले निर्धारण गरेबमोजिमको व्यवसाय कर असुल गर्न सक्ने देखिएको हुँदा निवेदक र निवेदकसरहका अन्य बैंकका प्रत्येक शाखा कार्यालयबाट व्यवसाय कर लिने गरी विपक्षी मन्त्रालय र नगरपालिकाहरूबाट भए गरेका निर्णय तथा सो निर्णयबमोजिम कर असुलीका सन्दर्भमा भएका पत्रचारसमेत कानून र कानूनको परिधिभित्रै भए गरेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन । तसर्थः प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः- ताराकुमारी शर्मा

कम्प्युटर : पद्मा आचार्य

**इति संवत् २०७६ साल माघ २१ गते रोज ३ शुभम् ।**

१७

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री हरिप्रसाद फुयाल,** ०७३-CI-१६६०, निषेधाज्ञामिश्रित परमादेश, राजकुमारी श्रेष्ठसमेत वि. लोकमार्ग सडक आयोजना कार्यालय, तुल्सीपुर, दाङसमेत

सडक विभाग पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजनाको च.नं. ३७१ मिति २०७३।०८।०५ को पत्रबाट निवेदनमा उल्लिखित कि.नं. २९७८, २९७९ र २९८० को जग्गा

लोकमार्गमा नपरेको भनी उल्लेख भई आएको र उक्त पत्रसाथ प्राप्त नक्साप्रिन्ट हेर्दा पनि उक्त कि.नं. का जग्गाहरू लोकमार्गमा परेको नदेखिई निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ भनी उच्च अदालत पोखरा, बागलुङ इजलासबाट मिति २०७३।०९।१२ मा फैसला भएको देखिन्छ । यसरी निवेदन दाबीको जग्गा उक्त पुष्पलाल (मध्यपहाडी) लोकमार्ग निर्माणका क्रममा सडकमा नै नपरेको हुँदा निजहरूको घर छाप्रा भत्काइने र जग्गा अतिक्रमण हुने भन्ने प्रश्न नै आउँदैन । जहाँसम्म मापदण्डभित्र परेको भन्ने छ सडक मापदण्डभित्र परेको जग्गा उपयोग गर्ने स्थितिमा मुआब्जा दिएर मात्र उपयोग गर्न सकिने हुन्छ । मापदण्डमा परेका भन्ने कुरासम्मबाट हालै कुनै आदेश गरिरहनुपर्ने अवस्था देखिँदैन । यस्तो अवस्थामा निवेदन खारेज हुने ठहराई उच्च अदालत पोखरा बागलुङ इजलासबाट मिति २०७३।०९।१२ मा भएको फैसलालाई अन्यथा लिनु वा बोल्नुपर्ने अवस्था नदेखिने।

अत: सडक विभाग पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजनाको च.नं. ३७१ मिति २०७३।०८।०५ को पत्रबाट निवेदनमा उल्लिखित कि.नं. २९७८, २९७९ र २९८० को जग्गा लोकमार्गमा नपरेको भनी उल्लेख भई आएको र उक्त पत्रसाथ प्राप्त नक्साप्रिन्ट हेर्दा पनि उक्त कि.नं. का जग्गाहरू लोकमार्गमा परेको नदेखिई निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नहुँदा निवेदन खारेज हुने ठहर्छ भनी उच्च अदालत पोखरा, बागलुङ इजलासबाट मिति २०७३।०९।१२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर : रेखा भट्टराई

**इति संवत् २०७७ साल असार ३१ गते रोज ४ शुभम् ।**

## इजलास नं.७

### १८

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७४-WO-०३२५, परमादेश, हजुरी थापा वि. कालिका प्राथमिक विद्यालयको भवनमा रहेको ऐ.ऐ. विद्यालय व्यवस्थापन समिति, लकुवा, धादिङसमेत

प्रस्तुत निवेदनमा जिल्ला शिक्षा कार्यालय धादिङलाई पनि विपक्षी बनाइएको र यस अदालतबाट मिति २०७४।८।३ मा सो कार्यालयका नाममा समेत कारण देखाउ आदेश भई लिखित जवाफ माग गरिएको छ । सोही कार्यालयले मिति २०७१।१०।१९ मा कालिका प्राथमिक विद्यालयलाई पत्राचार गरी यी निवेदिकालाई सेवामा राख्न नसकिने भनी निर्देशन दिएको देखिन्छ । यसरी सरोकारवाला यी विपक्षीको उपर्युक्त मिति २०७१।१०।१९ को पत्र नै बदर गर्न माग भएको अवस्थामा आफूले कारण र आधार खुलाई लिखित जवाफ पेस गर्नु उक्त कार्यालयको पदाधिकारीको कानूनी कर्तव्यको विषय हो । कुनै पनि सरकारी निकाय तथा त्यहाँ भएका जिम्मेवार पदाधिकारीहरूबाट यस प्रकृतिबाट अदालतको न्याय सम्पादनको

प्रक्रियामा मौन बसी असहयोग गर्नु अपेक्षित हुँदैन । आफ्नो वा सरोकारवाला कार्यालयको काम कारबाहीको बारेमा अदालतले माग गरेको जवाफ नदिनु, गलत तथ्य वा अस्पष्ट जवाफ पेस गर्नु, तथ्य लुकाई वा बङ्ग्याई अदालतलाई गुमराह गर्नु आदि त्यस्ता राष्ट्र सेवकको पदीय आचरण, पदीय दायित्व, मर्यादित व्यवहार तथा सुशासनसँग सम्बन्धित मान्य सिद्धान्तसँग मिल्ने विषय पनि होइन । नेपालको संविधानको धारा १२६ को उपधारा (२) मा मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश सबैले पालना गर्नुपर्ने उल्लेख छ भने सुशासन (व्यवस्थापन तथा कार्य सञ्चालन) ऐन, २०६४ को दफा ८ मा मुलुकमा सुशासन कायम गर्ने र सर्वसाधारणलाई समयमै त्यसको प्रतिफल उपलब्ध गराउने उद्देश्यले प्रशासनिक कार्य छिटो छरितो ढङ्गले सञ्चालन गर्नु, गराउनु विपक्षी कार्यालयका पदाधिकारीको कानूनी कर्तव्यको विषय पनि हो । कुनै व्यक्तिको निरन्तर उपभोग गरी आएको रोजगारीको हकको विषयमा उठेका विवाद न्याय सम्पादनमा ढिलाई हुने गरी कारण देखाउ आदेशको अवमूल्यन गरेमा त्यस्तो कार्य अवस्था परिस्थिति एवं गाम्भीर्यको आधारमा नेपालको संविधानको धारा १२८ को उपधारा (४) र न्याय प्रशासन ऐन, २०७३ को दफा १७ को प्रयोजनार्थ अदालतको अवहेलना ठहर्न सक्नेतर्फ सबै राष्ट्रसेवक सचेत हुनु आवश्यक हुने ।

कुनै पनि व्यक्तिलाई अवधि नतोकी कुनै पदमा नियुक्ति दिइएकोमा कुनै कारणले निजलाई सो पदबाट हटाउनुपर्ने भएमा सोको कारण खोली निजलाई अवकाशको पत्र दिनु त्यस्ता सरोकारवाला व्यक्तिको लागि वैधानिक अपेक्षाको विषय पनि हो । तीन दशकभन्दा बढी समय सेवा गरेको निवेदिकालाई प्रचलित कानूनबमोजिम सेवामा निरन्तरता दिन नसक्ने भएपछि बेहोरासहितको अवकाशपत्र सम्बन्धित निकायले दिनुपर्नेमा जिल्ला शिक्षा कार्यालयले अवकाश दिनु भन्ने पत्र विद्यालयलाई पठाएपछि विद्यालयले आफूले नियुक्त नगरेको भनी जिल्ला शिक्षा कार्यालयलाई जवाफ पठाएको देखिन्छ । तर निज निवेदिकालाई यो मितिमा अवकाश दिइयो भन्ने कुनै पत्राचार मिसिल संलग्न देखिँदैन । कुनै पनि विषयमा अदालतले फैसला गर्दा मिसिल संलग्न प्रमाण तथा कागजातलाई आधार बनाई फैसला गर्नुपर्ने हुन्छ । यसरी नियुक्ति दिने निकाय वा अधिकारप्राप्त अधिकारीद्वारा निवेदिकालाई कुनै जानकारी गराई अमूक मितिबाट काममा नलगाएको भन्ने कुरा लिखित जवाफ वा बहसका क्रममा विपक्षीहरूले खुलाउन नसकेको अवस्थामा निवेदिकाले आफूलाई अवकाश पनि नदिएको र काममा पनि नलगाएको भनी लिएको जिकिरलाई हाललाई अन्यथा मान्न सकिएन । निवेदिकालाई अवकाश दिनेबारे विपक्षी जिल्ला शिक्षा कार्यालय, धादिङ र कालिका प्राथमिक विद्यालयबिच पत्राचार भए पनि यी निवेदिकालाई आधिकारिक रूपमा अवकाश दिएको मिसिल संलग्न प्रमाणहरूबाट नखुलेको हुँदा निजले निवेदनमा जिकिर लिएअनुरूप २०७४ कार्तिक मसान्तसम्म पनि यी निवेदिकालाई अवकाश दिइसकिएको अवस्थाको विद्यमानता नदेखिएको हुँदा पदमा बहाल रहेको विश्वास गर्नुपर्ने अवस्था देखिन आउने ।

अत: आफ्नो रोजगारीको निरन्तरताको वैधानिक अपेक्षा बोकी बसेकी निज निवेदिका हजुरी थापालाई कुनै अवकाशपत्र नै नदिई लामो समयसम्म अनिर्णयको बन्दी बनाई अलग्याई राखेको अवस्था देखिँदा नियमबमोजिम मिति २०७४ कार्तिक मसान्तसम्मको तलब भुक्तानी दिनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने।

इजलास अधिकृत : अञ्चन भट्टराई / सुशिला पाण्डे

कम्प्युटर : शान्ति तामाङ

**इति संवत् २०७६ साल फागुन २१ गते रोज ४ शुभम्।**

**१९**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७३-CR-०५६४, ०७३-CR-०८९०, कर्तव्य ज्यान, नेपाल सरकार वि. लप्टी शेर्पा, लप्टी शेर्पा वि. नेपाल सरकार

प्रस्तुत वारदातमा श्रीमतीको श्रीमान्लाई मार्ने पूर्वयोजना एवम् तयारी र मनसाय नभएको, वारदातका दिन निजहरू सँगै बसेर रक्सी खाई सँगसँगै घर गएको देखिएकोले निजहरूबिच पूर्वरिसइवी नभई सम्बन्ध सामान्य अवस्थामा नै रहेको देखिएको, मृतकका बाबु तथा दिदीलगायत मौकामा बुझिएका मानिसहरूले समेत निजहरूबिच पूर्व झै-झगडा एवम् रिसइवी रहेको भनेको अवस्था नरहेको, रातको समयमा श्रीमान्ले जगल्ट्याइरहेको अवस्थाबाट बच्न तथा फुत्किन छामछुम गर्दा माटाको धुपौरो भेटी सोही धुपौरोले प्रहार गरेको, श्रीमतीले श्रीमान्लाई नियतवश पात्लेको काठको बटममा भएको काँटीमा टाउको ठोक्काएको अवस्था नभई श्रीमान्ले श्रीमतीलाई काठले प्रहार गर्न लाग्दा सोबाट बच्न श्रीमान्लाई धकेल्दा श्रीमान्को टाउको सो बटममा भएको काँटीमा अकस्मात ठोक्किन पुगी सोही ठोक्काइको कारणले श्रीमान्को मृत्यु हुन गएको, श्रीमतीले धारिलो हतियारले श्रीमान्लाई प्रहार गरेको अवस्था नभएको, श्रीमतीले श्रीमान्लाई मार्ने नियतले धकेलेको नभई आफू बच्नको लागि धकेलेको तथा निज श्रीमान्को मृत्यु भइसकेपछि आरोपबाट बच्न झुण्डिएको अवस्था जस्तो सिर्जना गरेकोसम्म देखाइएको जस्ता अवस्था एवम् परिस्थितिको विद्यमानता देखिएकोले योजनापूर्वक मारौं भनी गरिएको कार्य नदेखिएको, श्रीमान्सँगै प्रत्यक्ष झगडा भई आवेशमा आई (loss of control) मार्ने नियत वा ज्ञानसहित प्रहार भएको नदेखिएको र रातिको समयमा छामछुम गर्दा भेटिएको वस्तु माटाको धुपौरोको प्रयोग गरी आफू छुट्न खोजेको र छुटेपछि निज मृतक श्रीमान्ले नै प्रहार गर्न खोजेको बटममा भएको काँटीमा परी लागेको चोटसमेतबाट निजको मृत्यु भएको देखिँदा उक्त कसुरलाई अन्य ज्यान मुद्दाको कसुरसरह मानी सो वर्गमा राख्नु न्यायोचित हुने देखिएन । यी प्रतिवादीको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं., १३(३) नं.  र १४ नं. बमोजिमको कसुरअन्तर्गत पर्ने देखिएन। निजको उक्त कार्य ऐ. महलको ५ नं. बमोजिम भवितव्यअन्तर्गतको कसुरमा पर्ने।

प्रतिवादी लप्टी शेर्पाको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. अन्तर्गतको कसुरमा पर्ने पुष्टि भएकोले निजलाई ऐ. महलको १४ नं.बमोजिम १० वर्ष कैद गर्ने गरी सुरु तेह्रथुम जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत धनकुटाको फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी

लप्टी शेर्पालाई ऐ. महलको ६(४) नं. बमोजिम २(दुई) वर्ष कैद र रू.५००।- (पाँच सय रूपैयाँ) जरिवाना हुने । पुनरावेदक / वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : कुलप्रसाद दाहाल

कम्प्युटर : शान्ति तामाङ

**इति संवत् २०७७ साल असार २६ गते रोज ६ शुभम् ।**

**इजलास नं.८**

**२०**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** *०७६-CR-१८८०, जबरजस्ती करणी, नेपाल सरकार वि. प्रविन पहरीसमेत*

प्रतिवादीहरू कसुरमा पूर्ण रूपमा इन्कार रही अदालतमा बयान गरेको, सो इन्कारीलाई आफ्ना साक्षीहरूद्वारा समेत पुष्टि गरको देखिन्छ भने पीडितलगायत सरकारी साक्षीहरूले पनि प्रतिवादीलाई निर्दोष देखाई बकपत्र गरेको अवस्थामा बिनाप्रमाण दोषी करार गर्न मिल्दैन । पीडितको शरीर र यौनाङ्गमा कुनै घाउचोट नभएको भनी स्वास्थ्य परीक्षण रिपोर्टमा उल्लेख भएबाट पनि पीडितलाई जबरजस्ती करणी भएको थियो भनी भन्न सकिने अवस्था देखिँदैन । नाबालिकालाई जबरजस्ती करणी नै भएको भए करणीका चिह्नहरू पीडितको यौनाङ्गमा देखिनुपर्ने त्यस्ता प्रकारका करणीका चिह्नहरू केही नदेखिएको, प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट No any evidence of sexual offence found in genital examination भन्ने देखिएको र त्यस्तै प्रकारले पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतबाट Normal state of mental Health, no any external injuries bresent on body, no any injuries found on genital organ examination भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदन रहेको पाइन्छ । जसअनुसार करणी नै भएको भन्ने कुरालाई स्वास्थ्य परीक्षण प्रतिवेदनबाट समर्थित हुन आएको देखिँदैन । अनुसन्धानको समयमा पीडिता र जाहेरवालाले व्यक्त गरेको मौखिक कथनलाई स्वास्थ्य परीक्षण प्रतिवेदनले समर्थन गरेको देखिँदैन । मौखिक कथनलाई तथ्यगत र वस्तुनिष्ठ प्रमाणहरूबाट समर्थित नभएको अवस्थामा कसुर नै भएको भनी मान्न सकिने अवस्था देखिएन । उमेर नपुगेकी पीडितालाई ३/४ पटकसम्म करणी नै गरे भएको भए यौनाङ्गमा त्यस्तो प्रमाणहरू देखिनुपर्ने बलपूर्वक जबरजस्ती करणी नै भएको भए त्यस्तो गुप्ताङ्गमा केही न केही असर देखिनुपर्नेमा सोसमेत केही चिह्नहरू रातोपन घर्षणका चिह्नसमेत नदेखिँदा करणी नै भएको भनी मान्न सकिने अवस्था नदेखिने ।

प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार फौजदारी मुद्दामा अभियुक्तउपरको कसुर प्रमाणित गर्ने भार वादी नेपाल सरकारको हुनेमा उल्टै सरकारी गवाहले नै अभियोग दाबी पुष्टि नहुने गरी बकपत्र गरेको हुँदा प्रमाणको अभावमा प्रतिवादी प्रविन पहरीले अभियोग दाबीबाट सफाइ पाउने ठहरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला मनासिब नै देखियो । मुख्य प्रतिवादी प्रविन पहरीले अभियोग

दाबीबाट सफाइ पाइसकेपछि सहप्रतिवादी सुरेश वडका विरूद्ध लागेको जबरजस्ती करणी गर्नेमा सहयोग गरेको भन्ने अभियोग दाबीको औचित्य नदेखिँदा निजले अभियोग दाबीबाट सफाइ पाउने गरी भएको फैसलालाई अन्यथा भन्न मिलेन । उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसला बदर गरी प्रतिवादीहरूलाई अभियोग मागदाबीअनुसार सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान् उपन्यायाधिवक्ताको बहससँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादी सुरेश वडलाई अभियोग दाबीबाट सफाइ दिई प्रतिवादी प्रविन पहरीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम ८(आठ) वर्ष कैद सजाय हुने ठहऱ्याई सुरू बैतडी जिल्ला अदालतबाट मिति २०७५।१०।१७ मा भएको फैसला केही उल्टी गरी प्रतिवादी प्रविण पहरी र सुरेश वडले अभियोग दाबीबाट सफाइ पाउने गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७६।६।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः- हेमराज शर्मा
कम्प्युटर : सुप्रभा अर्याल

**इति संवत् २०७७ साल पौष १ गते रोज ४ शुभम् ।**

**२१**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७५-RC-००११, कर्तव्य ज्यान, नेपाल सरकार वि. राजाराम तिमिल्सिना*

प्रतिवादी राजाराम तिमिल्सिनाउपर छोरा प्रनिललाई काँडाघारी स्थित आफ्नो डेरा कोठामा लगी हत्या गरेको भन्नेसमेत बेहोराको किटानी जाहेरी दरखास्त परेको पाइन्छ । सोही जाहेरीको आधारमा मुद्दाको अनुसन्धान भई मृतक प्रनिल तिमिल्सिनाको शरीरबाट निकालिएको भिषेरा, कोठाबाट भेटिएको औषधीको बट्टासमेतको परीक्षण हुँदा सोमा Organo-Phosphorus and Organo-chlorin insecticides भेटिएको भन्नेसमेत बेहोराको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन रहेको देखिन्छ । यी प्रतिवादी राजाराम तिमिल्सिनाले छोरा प्रनिलसमेतलाई विष खुवाई मारेको हो भनी मौकामा कागज गर्ने राधेश्याम पाण्डे, पवित्रा तिमिल्सिना तथा वस्तुस्थिति मुचुल्काका रिना पाण्डे, रमेश डंगोललगायतले कागज गरेको अवस्था छ । स्वयं प्रतिवादी राजाराम तिमिल्सिनाले आफू र छोरासमेत मर्ने उद्देश्यले विष सेवन गरेको गराएको हो भनी अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष बयान गरेको पाइन्छ । यसप्रकार उल्लिखित सबुत एवं प्रमाणको आधारमा यी प्रतिवादी राजाराम तिमिल्सिनालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. बमोजिमको कसुर अपराधमा ऐ. ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय ठहर हुने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादी राजाराम तिमिल्सिनालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला साबिक कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि "मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा कानूनमा

कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रही मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वको सजाय गर्ने प्रावधान रहेको नहुँदा प्रस्तुत मुद्दामा प्रतिवादी राजाराम तिमिल्सिनालाई सर्वस्वको सजाय हुने देखिएन । तसर्थ, निज प्रतिवादीलाई जन्मकैदको मात्र सजाय हुने ठहर्छ । साथै सर्वस्वको सजाय नहुने भएकोले निजको अंश भागमा पर्न आउने चल अचल सम्पत्ति प्रस्तुत मुद्दाको रोहबाट रोक्का राखिएको भए फुकुवासमेत हुने ।

प्रतिवादीले अदालतसमक्ष समेत छोरालाई विष सेवन गरे गराएको सत्य तथ्य व्यक्त गरी अनुसन्धान तथा न्यायिक प्रक्रिया एवं काम कारबाहीमा सघाउ पुऱ्याएको देखिन्छ । मानसिकरूपले तनावग्रस्त भई आफ्नो मनुष्य जीवन नै समाप्त गर्ने उद्देश्य लिई आफूसमेत मर्ने अप्रिय निर्णय गरी विष सेवन गरेकोमा करिब १२ दिनको उपचारपश्चात् मात्र प्रतिवादी बाँचेको देखिन्छ । उल्लिखित पारिवारिक बेमेल तथा अविश्वासको कारण विष सेवन गर्नुपरेको तथा विष सेवन गराएको तथ्य अन्तर्निहित रहेको प्रस्तुत मुद्दाको परिप्रेक्ष्यमा अ.बं. १८८ नं. बमोजिम १२ वर्ष कैदको सजाय गर्ने भनी राय व्यक्त गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनबाट भएको फैसलाउपर दृष्टिगत गर्दा सर्वस्वसहित जन्मकैदको सजाय ठहऱ्याई राय व्यक्त गरेको कैद वर्ष १२ को सट्टा ८ वर्ष कैद कायम गर्दा पनि न्यायको मकसद पूरा हुने देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादीलाई कैद वर्ष ८ कायम हुने ।

इजलास अधिकृतः- गगनदेव महतो

कम्प्युटर : मन्जिता ढुंगाना

**इति संवत् २०७५ साल पौष २४ गते रोज ३ शुभम् ।**

## २२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७६-RC-०११७, कर्तव्य ज्यान, नेपाल सरकार वि. पानालाल साह तुरहा भन्ने कपिलदेव साह तुरहा*

प्रतिवादी पानालाल साह तुरहा भन्ने कपिलदेव साह तुरहाउपर निजकै छोराले दिएको किटानी जाहेरीअनुसारको कसुरमा प्रतिवादी मौकामा तथा अदालतमा समेत साबित रहेको र सो तथ्यलाई घटनाविवरण कागज गर्ने मानिसहरू तथा वस्तुस्थिति मुचुल्काका मानिसहरूले मौकामा लेखाएको बेहोरा तथा जाहेरवाला तथा वस्तुस्थिति मुचुल्काका मदन साह तुरहाले गरेको बकपत्र एवं मृतकको शव परीक्षण प्रतिवेदनसमेतबाट पुष्टि भएको हुँदा प्रतिवादी पानालाल साह तुरहा भन्ने कपिलदेव साह तुरहाले मृतक आफ्नै श्रीमतीलाई धारिलो हतियार बञ्चरो प्रहार गरेको र सोही चोट पिरको कारण निजको मृत्यु भएको देखिएको हुँदा निज प्रतिवादीले अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. तथा १३(१) नं. विपरीतको कसुर गरेको पुष्टि हुन आएको ।

अभियोग दाबीबमोजिम प्रतिवादीले कसुर गरेको पुष्टि हुन आएको हुँदा के कति सजाय हुनुपर्ने हो भन्ने सन्दर्भमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. मा भएको कानूनी व्यवस्था हेर्दा "धार भएको वा नभएको जोखिमी हतियार गैह्रले हानी, रोपी, घोची, ज्यान मारेमा जति जना भई हतियार छाडेको छ उति जना ज्यानमारा ठहर्छन्। सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको र मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) नं. मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने कानूनी व्यवस्था रहेको र यी प्रतिवादीले मृतकलाई प्रहार गरेको बञ्चरो धार भएको जोखिमी हतियार नै भएकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. मा भएको कानूनी व्यवस्थाबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुनेमा हाल मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) नं. मा भएको कानूनी व्यवस्थाबमोजिम सर्वस्व गर्न नमिल्ने सन्दर्भमा निज प्रतिवादी पानालाल साह तुरहा भन्ने कपिलदेव साह तुरहालाई सर्वस्व नगरी जन्मकैदको सजाय मात्र हुने ठहऱ्याई उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट भएको फैसला मनासिब नै देखिने।

तसर्थ, प्रतिवादी पानालाल साह तुरहा भन्ने कपिलदेव साह तुरहालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी भएको सुरू फैसला सदर हुने र मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) नं. मा सर्वस्व नहुने कानूनी व्यवस्था रहेबाट निज प्रतिवादी पानालाल साह तुरहा भन्ने कपिलदेव साह तुरहालाई जन्मकैदको सजाय हुने ठहऱ्याई उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः केदारप्रसाद गौतम
कम्प्युटर : मन्जिता ढुंगाना

**इति संवत् २०७६ साल चैत्र ३ गते रोज २ शुभम्।**

## इजलास नं.९

### २३

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CR-०५४६, भ्रष्टाचार (झुट्टा प्रमाणपत्र), विष्णुप्रसाद ज्ञवाली वि. नेपाल सरकार

ओहोदामा बहाल हुन वा कुनै सुविधा प्राप्त गर्ने उद्देश्यले पेस नगरेको भन्ने भएकोमा पेस गर्न आवश्यकै नभएको सर्टिफिकेट नक्कली बनाई पेस गर्ने कार्य पछाडि ओहोदासम्बन्धी सम्भावित लाभ तथा अन्य सेवा सुविधा प्राप्त गर्ने आपराधिक मनसाय वा उद्देश्य (Mens Rea) रहेको स्पष्ट देखिन आउँछ। नक्कली प्रमाणपत्र पेस गर्ने कार्य (Actus Reus) र आपराधिक मनसाय वा उद्देश्य (Mens Rea) समेतका दुवै तत्त्वको समावेशिता भएको र मनसाय प्रेरित कार्यसमेत गरिसकेको अवस्थामा प्रतिवादीको इन्कारी बयानका आधारमा मात्र प्रतिवादी निर्दोष हुन भन्न सकिने अवस्था नदेखिने।

पुनरावेदक प्रतिवादीले नक्कली शैक्षिक योग्यताका प्रमाणपत्रहरू पेस गरेको समयमा साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ क्रियाशील रहेको र निज पुनरावेदक प्रतिवादीले पेस गरेका

प्रमाणपत्र नक्कली नै भएको अवस्थामा निज पुनरावेदक प्रतिवादीलाई सोही ऐनको दफा १२ को कसुरमा दफा १२, २९(२) नं. बमोजिमनै सजाय हुने अवस्था देखिने।

अत: प्रतिवादी विष्णुप्रसाद ज्ञवालीले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेको ठहर्छ । सो कसुर गरेको ठहरेकोले निज प्रतिवादीलाई सोही ऐनको दफा १२ र २९(२) नं. बमोजिम रू.५००।- (पाँच सय रूपयाँ) जरिवाना हुने भन्नेसमेत बेहोराको विशेष अदालत काठमाडौंको मिति २०७३।३।२७ को फैसला मिलेकै देखिँदा सो फैसला सदर हुने।

इजलास अधिकृत : जनकसिंह बोहरा

कम्प्युटर : चन्द्रा तिमल्सेना

**इति संवत् २०७६ साल वैशाख १० गते रोज ३ शुभम्।**

## २४

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७४-CR-०३४९, अपहरण तथा शरीर बन्धक, नेपाल सरकार वि. हरि चिडिमार भन्ने हरिशंकर चिडिमारसमेत

प्रत्यर्थी प्रतिवादीहरूलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नं. बमोजिम थप सजाय र प्रतिवादीमध्येका सहिम अहमद खाँलाई पनि ९ नं. बमोजिम थप सजाय हुनुपर्ने भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा उक्त महलको ७ नं.मा सङ्गठित रूपमा अपराध गर्नेलाई २ वर्ष थप सजाय गर्नुपर्ने र ९ नं. मा महिला वा नाबालक विरूद्ध कसुर गरेको भए थप २ वर्ष सजाय गर्नुपर्ने गरी सामूहिक रूपमा गरिएको अपराध र महिला तथा नाबालक विरूद्ध गरिएको अपराधलाई गम्भीर अपराध मानी बढी सजाय गर्नुपर्ने व्यवस्था गरिएको पाइन्छ। प्रस्तुत वारदातमा प्रतिवादीहरूले विवाह गर्ने उद्देश्यले लगेको भन्नेसम्ममा साबित रहेको, अन्य उद्देश्य वादी नेपाल सरकारको तर्फबाट पुष्टि गराउन नसकेको, पीडिताको आचरण र व्यवहारबाट समेत निजउपर जोरजुलुमलगायतको कार्य भएको अवस्था देखिएको छैन । प्रत्यर्थी प्रतिवादी सहिम अहमद खाँले आफ्ना साथी हरिशंकरले विवाह गर्नको लागि केटीको मन्जुरीले भगाउँदा सहयोगसम्म गरेको भन्ने देखिइरहेको अवस्थामा निजहरूलाई थप सजाय हुनुपर्ने भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, उच्च अदालत सुर्खेतबाट प्रतिवादीमध्येका हरिशंकर चिडिमारलाई मुलुकी ऐन शरीर बन्धक लिनेको महलको १, २ र ३ नं. को कसुरमा ऐ. ३ नं. बमोजिम ४ वर्ष कैद र रू.२५ हजार जरिवाना र ऐ. ९ नं. बमोजिम थप २(दुई) वर्ष कैद हुने तथा अर्का प्रतिवादी सहिमअहमद खाँको हकमा सोही महलको सोही नं. बमोजिम ४ वर्ष कैद र रू.२५०००।– जरिवाना हुने गरी सुरू सुर्खेत जिल्ला अदालतले गरेको फैसला सदर गर्ने गरी उच्च अदालत सुर्खेतबाट २०७४।३।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : प्रेमप्रकाश थापा

कम्प्युटर : सरस्वती दाहाल

**इति संवत् २०७७ साल असोज १४ गते रोज ४ शुभम्।**

## २५

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७४-CR-१३१३, ०७४-CR-१५०८, कर्तव्य ज्यान, नेपाल सरकार वि. रितादोर्जी शेर्पा, रिता दोर्जी शेर्पा वि. नेपाल सरकार

रक्सी खाएर प्रतिवादीको घरमा मृतक आएको मेरो छोराको पानीघट्टा मैले नै चलाउँछु भन्ने वादविवाद भएकोमा काका लाक्पाकितर शेर्पाले मुड्कीले हानेपछि मैले एक मुड्की निजका टाउकोमा हिर्काई घर जाउँ भनी हातले हुत्याइदिएको थिएँ। लडेर टाउकोमा चोट लागेको हो भन्ने प्रतिवादीको बयानबाट देखिएको छ । यस्तो अवस्थामा मृतक र प्रतिवादी काका भतिजा नाताका रहेका र मृतकलाई मार्नुपर्ने कारण रिसइवी केही नभएको, कुटपिट हुँदा हातहतियार प्रयोग भएको छैन। ज्यान मार्नाको मनसाय पनि नरहेको र रिसइवी नभएको, लुकीछिपी नहानेको, मृतकले एक थप्पड हानेपछि प्रतिवादीले तत्कालै उठेको रिस थाम्न नसकी हिर्काई धकेलिदिएको अवस्था छ। यस्तो अवस्थामा तत्काल उठेको रिस थाम्न नसकी हिर्काई धकेल्दा मृतकको टाउकोमा चोट लाग्न गई उसै दिन मृत्यु हुन गएकाले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. अनुसार सोलुखुम्बु जिल्ला अदालतले प्रतिवादी रितादोर्जी शेर्पालाई १०(दश) वर्ष कैद गर्ने गरी गरेको फैसला उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाले सदर गर्ने गरी गरेको फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदक वादी नेपाल सरकारको र पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : प्रेमप्रकाश थापा

कम्प्युटर : चन्द्रा तिमल्सेना

**इति संवत् २०७७ साल असोज १४ गते रोज ४ शुभम्।**

## २६

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री कुमार रेग्मी,** ०७६-CR-००६४, कर्तव्य ज्यान, विकेश बुढा मगर वि. नेपाल सरकार

जाहेरी दरखास्त, प्रतिवादी विकेश बुढा मगरले मौकामा अनुसन्धान अधिकारी तथा अदालतसमक्ष गरेको बयान, मौकामा सबिता बुढा मगर, शुवास वि.क., शुन्दर वि.क., तेजेन्द्र रोका, ओइलीदेवी बुढा, विष्णु बस्नेतसमेतले गरिदिएको कागज, मौकामा कागज गरिदिने सबिता बुढा मगर, सुन्दर वि.क. तथा प्रतिवादीका साक्षी टेकबहादुर रोकासमेतले अदालतसमक्ष गरिदिएको बकपत्र, प्रतिवादीले सनाखतसमेत गरिदिएको बरामदी मुचुल्कालगायतका मिसिल संलग्न सम्पूर्ण प्रमाण कागजातहरूबाट यी पुनरावेदक प्रतिवादीले आफूसँग बोकेको धारिलो हतियार खुकुरीले कमल बुढालाई टाउकोलगायत शरीरको यत्रतत्र भागमा प्रहार गरी निज कमल बुढाको मृत्यु भएको भन्ने पुष्टि भएको पाइने।

आफूले ज्यानै मार्ने उद्देश्यले नभई आत्मरक्षाको लागि खुकुरी प्रहार गरी कमल बुढामगरको मृत्यु भएकोले आफूलाई कम सजाय होस् भनी प्रतिवादीले आफ्नो पुनरावेदनपत्रमा जिकिर लिएतर्फ हेर्दा, प्रतिवादी र मृतक कमल बुढा मगरबिच वारदात मिति समयभन्दा अगावैदेखि भलिबल खेलको विषयमा विवाद रहेको र सोही विषयमा प्रतिवादी र मृतकबिच विवाद भई हतियार प्रहार भएको भनी प्रतिवादी स्वयंले आफ्नो बयानमा स्वीकार गरेका र सो तथ्य जाहेरी दरखास्त, मौकामा कागज गरिदिने सबिता बुढामगरसमेतका सम्पूर्ण व्यक्तिहरूको मौकाको कागज, मौकामा कागज गरिदिने सबिता बुढा मगर, सुन्दर वि.क., प्रतिवादीका साक्षी टेकबहादुर रोकासमेतले अदालतसमक्ष गरिदिएको बकपत्रलगायतका कागज बेहोराबाट समर्थित भइरहेको पाइयो । प्रतिवादीले सुरू अदालतमा गरेको बयानमा तथा उच्च अदालत र यस अदालतमा दिएको

पुनरावेदनपत्रमा समेत आफ्नो मृतकलाई मार्ने उद्देश्य नभएको, निजसँग कुनै रिसइवी नभएको, आफ्नो प्रतिरक्षाको लागि प्रतिकार गर्ने क्रममा मृतकलाई खुकुरी प्रहार गर्दा मृतकको मृत्यु भएको भनी जिकिर लिए पनि निज आफैँले गरेको मौकाको तथा अदालतसमक्षको बयानमा मृतकले आफूलाई रिसइवी राखी पहिलेदेखि नै पटकपटक मार्ने धम्की दिने गरेको, वारदात मितिमा मैले निजलाई नमारेको भए निजले मलाई मार्न पनि सक्थ्यो भनी उल्लेख गरेको पाइन्छ। घटना विवरण कागज गर्ने सबिता बुढा, सुन्दर वि.क., प्रतिवादीका साक्षी टेकबहादुर रोकासमेतको बकपत्रमा समेत मृतक कमलबहादुर बुढा र यी प्रतिवादी विकेश बुढा मगरबिच खेलको विषयमा विवाद कुटपिटसमेत भएको र सोही विषयमा पूर्वरिसइवी रहेको भन्ने देखिन आएको छ। यसबाट प्रतिवादी र मृतकबिच पहिलेदेखि नै रिसइवी रहेको र मृतकले आफूलाई मार्छन् कि भन्ने शंका / अनुमानको भरमा प्रतिवादीले मृतकउपर खुकुरी जस्तो धारिलो हतियार प्रहार गरी ज्यान मारेको देखिने।

खेलमा भएको विवादको विषयमा बाटोमा हिँडिरहेका यी पुनरावेदक प्रतिवादी र मृतकबिच विवाद भएको र सोही क्रममा मृतकले लाठीले हानी भागिसकेको अवस्थामा पुनरावेदक प्रतिवादीले पछिपछि लखेट्दै गई खुकुरी जस्तो धारिलो हतियारले मृतकको टाउकोलगायत शरीरको यत्रतत्र भागमा प्रहार गरी मृतकको मृत्यु भइसकेपछि आफू घरमा आई घटनाको बारेमा कसैलाई नभनी फरार रही बसेको पाइएको छ। पछि अन्य मानिसहरूले खोजी गरी लास फेला पारेको र निज पुनरावेदक प्रतिवादीलाई समेत खोजतलासको क्रममा प्रहरीले पक्राउ गरेको अवस्था छ। मृतकले लाठीले हानी भागिसकेको अवस्थामा प्रतिवादीले पछिपछि लखेट्दै गई खुकुरी प्रहार गरी ज्यान मारेको अवस्था छ। आफूलाई लाठीले प्रहार गरी मृतक भागिसकेपछि सम्बन्धित निकायमा उजुरी गरी कानूनबमोजिमको उपचार खोज्न सक्ने नै अवस्था यी पुनरावेदक प्रतिवादीको रहँदारहँदै पनि अन्य वैकल्पिक मार्ग नखोजी लखेट्दै गई मृतकलाई खुकुरी प्रहार गरेको देखिँदा यस वारदातलाई आत्मरक्षाको लागि भएको भनी परिभाषा गर्न मिल्ने नदेखिने।

जाहेरवालाको किटानी जाहेरी दरखास्त, घटनास्थल एवं लास जाँच मुचुल्का, बरामदी मुचुल्का, प्रतिवादीको बयान, शव परीक्षण प्रतिवेदन, घटना विवरण कागज, घटना विवरण कागज गरिदिने मानिसहरूको तथा प्रतिवादीका साक्षीको अदालतको बकपत्रलगायत मिसिल संलग्न सम्पूर्ण कागज प्रमाणहरूबाट प्रतिवादी विकेश बुढा मगरले पूर्वरिसइवी राखी सुनियोजित तवरले मृतक कमल बुढा मगरलाई खुकुरी प्रहार गरी सोही चोटको कारण निजको घटनास्थलमै मृत्यु भएको पुष्टि भएको देखिएबाट सुरू रूकुम जिल्ला अदालतले प्रतिवादीउपर मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत ऐ.१३(१) नं. बमोजिमको कसुरमा अभियोग मागदाबीबमोजिम ऐ.१३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएकोमा मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ४० को उपदफा (२) अनुसार सर्वस्वसहित जन्मकैदको सजाय नहुने भई प्रतिवादीलाई जन्मकैदको सजाय हुने ठहर गरी सुरू जिल्ला अदालतबाट मिति २०७५।०२।०६ मा भएको फैसला सदर गरेको उच्च अदालत तुलसीपुरको मिति २०७५।११।०६ को फैसलालाई अन्यथा

मान्न नमिल्ने भएकोले सदर हुने । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : फणीन्द्रराज भट्टराई

कम्प्युटर : चन्द्रा तिमल्सेना

**इति संवत् २०७७ साल श्रावण १६ गते रोज ६ शुभम् ।**

## इजलास नं.१०

### २७

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७५-CR-०१०१, अप्राकृतिक मैथुन, शिवकुमार कहार वि. नेपाल सरकार*

घटना विवरणका राप्ती (ग), भीमबहादुर डेढीमगर, नारायण विष्टसमेतले पीडितको योनिबाट रगत बगेको थियो र प्रहरीसँग निजले औंला हालेर रगत बगेको भनी भनेको थियो भनी बकपत्र गरिदिएको पाइन्छ । जाहेरवालाले जाहेरी बेहोरा पुष्टि हुने गरी बकपत्र गरिदिएको देखिन आउँछ । पीडितको स्वास्थ्य परीक्षण गर्ने चिकित्सकले पनि पीडितको योनिबाट रगत बगेको थियो र कुनै चिजवस्तुहरू विस्तारै योनिमा छिराउन खोज्दा भएको हुनसक्छ भन्ने उल्लेख गरेको पाइन्छ । बच्चा काखीबाट एक्कासी खस्न लागेकोले च्याप्प समातेको कारणबाट अकस्मात बच्चाको यौनाङ्ग केही वस्तुमा ठोक्किन गएको भन्ने प्रतिवादीको बयानबाट खुल्न आउँदैन। साथै पीडित बालिकाको यौनाङ्ग बाहिरी वस्तुसँग ठोक्किन गएको कारणबाट रक्तस्राव हुने नभई यौनाङ्गमा केही वस्तुले घोच्दा मात्र रक्तस्राव हुने स्वास्थ्य अवस्थासमेतबाट देखिन आउँछ । मनसायपूर्वक कुनै वस्तु घुसाउने कार्य नगरी केवल बच्चालाई बाह्य शरीरमा जोडले समात्नुपर्ने अवस्थाबाट मात्र रक्तस्राव हुने अवस्था देखिँदैन । कुनै वस्तु घुसाउँदा योनिबाट रगत बगेको हुन सक्ने भनी चिकित्सकले बकपत्र तथा घटना विवरणका मानिसहरूको बकपत्रसमेतबाट यी प्रतिवादीले बच्चाको यौनाङ्ग औंला घुसाई अप्राकृतिक मैथुन गरेको पुष्टि हुन आउने ।

प्रस्तुत कसुरमा वादी पक्ष नेपाल सरकारले प्रतिवादीउपर जबरजस्ती करणीको महलको १ नं. को देहाय (घ) को कसुरमा ऐ. ऐनको ३(१) नं. बमोजिमको सजाय एवं ९क नं. बमोजिम थप सजाय तथा १०ग नं. बमोजिम क्षतिपूर्ति भराइपाउन माग दाबीसहित अभियोगपत्र दायर गरेको देखिन्छ। सुरू दाङ देउखुरी जिल्ला अदालतको फैसला सदर गर्दै उच्च अदालत तुलसीपुरले प्रतिवादीउपरको आरोपित कसुर ठहर गर्दै ३(१) नं. बमोजिम ११ वर्ष कैद एवं ९क नं. बमोजिम १ वर्ष कैद तथा १०ग बमोजिम पीडितलाई क्षतिपूर्ति भराउने फैसला गरेको देखिन्छ । उक्त ३ नं. को देहाय (१) ले १० वर्षदेखि १५ वर्षसम्म कैदको व्यवस्था गरेको पाइन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी पहिलो पटकको कसुरदार भएको एवं निजले गरेको कसुरको समग्र परिस्थितिसमेतलाई मध्यनजर गर्दा निजलाई हुन सक्ने सजायको न्यूनतम सजाय गर्दा पनि न्यायको मकसद पूरा हुने देखिएकोले निजलाई कसुरबापत ३ नं. को देहाय (१) बमोजिम १० (दश) वर्ष कैद सजाय एवं ९क नं. बमोजिम थप १ (एक) वर्ष गरी जम्मा ११ वर्ष कैद सजाय हुने अवस्था देखिने ।

अतः यी प्रतिवादीले जबरजस्ती करणीको महलको १घ नं. बमोजिम जबरजस्ती करणीको कसुर गरेको पुष्टि हुन आएबाट प्रतिवादी शिवकुमार कहारलाई सोही महलको ३(१) नं. बमोजिम ११ वर्ष र ऐ. ९क नं.बमोजिम थप १ (एक) वर्षसमेत गरी जम्मा १२ वर्ष कैद सजाय हुने र पीडित नाबालिकालाई

ऐ.१०ग नं.बमोजिम महिला तथा बालबालिका कार्यालयबाट रू.२५,०००/- क्षतिपूर्ति भराइदिने ठहर्‍याई सुरू दाङ देउखुरी जिल्ला अदालतबाट भएको फैसला सदर कायम गरी उच्च अदालत तुलसीपुरबाट मिति २०७४।०३।२६ भएको फैसला जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम ११ वर्ष कैद गरेको हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई ऐ. ३(१) नं. बमोजिम १० वर्ष कैद हुने ठहर्छ । अन्य ९क नं. बमोजिम थप कैदसमेतका कुराको हकमा उच्च अदालत तुलसीपुरबाट मिति २०७४।०३।२६ भएको फैसला मिलेकै देखिँदा सदर हुने । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : देवी चौधरी

कम्प्युटर :अमिररत्न महर्जन

**इति संवत् २०७८ साल भाद्र ३ गते रोज ५ शुभम् ।**

## इजलास नं.१२

२८

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७२-CI-०९३०, उत्प्रेषण परमादेशसमेत, राम कार्की वि. दीपक कार्कीसमेत

मालपोत ऐन, २०३४ को दफा ८ मा भएको कानूनी व्यवस्था हेर्दा "प्रचलित कानूनबमोजिम लिखतको रजिस्ट्रेसन, नामसारी, दाखिल खारेज र लगत कट्टा गर्ने काम मालपोत कार्यालयले गर्ने छ" भन्ने उल्लेख भएको र सो सम्बन्धमा मालपोत कार्यालयले गरेको निर्णयउपर ऐ.ऐ. को दफा ३१ ले मालपोत कार्यालयबाट भएको निर्णयउपर चित्त नबुझेमा सो निर्णय भएका मितिले ३५ दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने स्पष्ट कानूनी व्यवस्था गरेकोमा सोतर्फको वैकल्पिक मार्ग अवलम्बन नगरी यी पुनरावेदक रिट निवेदकले मालपोत कार्यालयबाट निर्णय भएको एक वर्षभन्दा पनि बढी समय व्यतीत भएपछि विलम्ब गरी मालपोत कार्यालयबाट मिति २०६१/६/१२ मा भएको निर्णय बदर गर्न प्रस्तुत रिट निवेदन दर्ता गरेको देखिँदा विलम्ब गरी आएको यस्तो अवस्थामा निवेदकलाई अदालतले मद्दत गर्न सक्ने नहुँदा प्रस्तुत निवेदनको आधारमा निर्णय गर्न मिल्नेसमेत नदेखिने ।

तसर्थ, मालपोत कार्यालय काठमाडौंबाट कि.नं.१७९ क्षे.फ ०-१-३-० जग्गा नेपाल सरकारका नाममा कायम गरी स्रेस्ता तयार गरिदिने मालपोत कार्यालयको मिति २०७०/८/७ को निर्णयउपर चित्त नबुझेको अवस्थामा मालपोत ऐन, २०३४ को दफा ३१ बमोजिम पुनरावेदन गर्न सक्ने स्पष्ट कानूनी उपचारको बाटो हुँदा हुँदै रिट क्षेत्रमा प्रवेश गरी आएको देखिँदा पुनरावेदक निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा रिट खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।३।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः कमलकुमार आचार्य

कम्प्युटर : चन्द्रावती तिमल्सेना

**इति संवत् २०७७ साल फागुन १० रोज २ शुभम् ।**

**२९**

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७३-WO-०१२०, उत्प्रेषण परमादेश, श्यामकुमार गिरी वि. कृष्णबहादुर गिरीसमेत

अदालतको साधारण अधिकार क्षेत्रमा प्रवेश गरी तहतह हुँदै आएको मुद्दाको फैसला कार्यान्वयनको सिलसिलामा आएर फैसलालाई निस्प्रभावी बनाउने हेतुले निवेदक सफा हात लिएर अदालत प्रवेश गरेको देखिँदैन । त्यसै गरी उल्लिखित मुद्दामा महन्त परिवर्तनको दाबी लिएको देखिँदैन भने फैसला हुँदाको बखत सानुकृष्ण बहादुर गिरी क्वाठण्डो मठ श्री बानेश्वर महादेव गुठीको महन्त रहेको भन्ने कुरामा कुनै विवाद देखिँदैन । निज महन्तले जग्गा सट्टापट्टा गरी गुठीकै प्रयोजनका लागि अक्षयकोष खडा गरी रकम राखेको अवस्था देखिन्छ । सो कार्यलाई धर्मलोप मानिरहनुपर्ने अवस्थासमेत नदेखिँदा धर्मलोप ठहर्‍याई सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी (यी निवेदक) को पुनरावेदन जिकिर मनासिब देखिएन भनी उल्लेख भई उक्त फैसला यस अदालतबाट अन्तिम भएर बसेको अवस्थामा सोही विषयमा असाधारण क्षेत्राधिकारभित्र प्रवेश गर्न मिल्ने नदेखिने।

फैसला अन्तिम भएपछि दुवै पक्षलाई बाध्यकारी हुने हो । फैसला अन्तिमताको सिद्धान्त (Principle of Finality) र प्राणन्याय (Res Judicata) को सिद्धान्तअनुसार पनि तहतह हुँदै अन्तिम भएर बसेको फैसलालाई रिट क्षेत्राधिकारबाट फैसला कार्यान्वयन रोक्न मनासिब हुने नदेखिँदा फैसलाले प्रदान गरेको न्यायलाई तल माथि पार्ने उद्देश्य लिई प्रस्तुत रिट निवेदन पर्न आएको देखिँदा निवेदकको मागअनुसारको आदेश जारी हुने अवस्था नदेखिने।

श्यामकुमार गिरीको निवेदनअनुसार भनी मिति २०७२।५।१ को फैसलामा उल्लिखित जग्गाहरू सो फैसलाबमोजिम क्वाठण्डो मठ श्री बानेश्वर महादेव गुठीको नाममा स्रेस्ता कायम गरी रीति थितीबन्देज तथा महन्त्याईको लिखतबमोजिम श्यामकुमार गिरीलाई महन्त कायम गर्ने गरी मालपोत कार्यालय, ललितपुरमा जनाउँ पुर्जी बनाउने भनी स्रेस्तेदारबाट आदेश भएको र सो आदेश जिल्ला न्यायाधीशबाट सदर भएको पाइयो । ललितपुर जिल्ला अदालतको सो आदेशउपर पुनरावेदन अदालत पाटनमा पुनरावेदन परी पुनरावेदन अदालत पाटनबाट फैसलामा उल्लेख भएको कुरासम्म कार्यान्वयनको निमित्त लेखी पठाउनुपर्नेमा महन्त्याई लिखत एवं थिती बन्देज र नियुक्ति जस्ता असम्बन्धित कुराहरूमा प्रवेश गरी श्री बानेश्वर महादेव गुठीको महन्त श्यामकुमार गिरीलाई कायम गर्ने भनी गरेको आदेशलाई सदर गर्ने गरी भएको स्रेस्तेदारको आदेशलाई सो हदसम्म बदर गर्ने गरी आदेश भएको देखिन्छ । फैसलामा उल्लेख भएको कुराभन्दा बढी उल्लेख गरी पुर्जी दिने गरी भएको कामले न्यायिक मान्यता प्राप्त गर्न नसकी कानूनत: हक सिर्जना गर्ने क्षमता नराख्ने उक्त आदेशलाई बदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७३।३।३१ मा भएको आदेश अन्यथा नभएकोले निवेदकको हक अधिकारमा प्रतिकूल असर पारेको भन्न मिल्ने अवस्थासमेत नदेखिने। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : गोविन्द आचार्य / माधव भण्डारी

कम्प्युटर : प्रेमबहादुर थापा

**इति संवत् २०७७ साल माघ १८ गते रोज १ शुभम्।**